# संघीय संसद

# राष्ट्रिय सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २३ पुस २०७७

## बिहीबार

## बैठक सङ्ख्या-२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार दिउँसो १:०५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समया बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय उदया शर्मा पौडेल ।

**माननीय श्री उदया शर्मा पौडेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, २०१७ साल पुस १ गते शाही कदमको पुनरावृत्ति हुनेगरी ६० वर्षपछि गत पुस ५ गते संविधानको कुनै धारामा पनि उल्लेख नभएको काम वर्तमान सरकारले गरेको छ । आफ्नै पार्टीभित्रको अन्तरविरोधका कारण प्रतिनिधि सभा विघटन गरिएको कत्ति पनि यो चित्तबुझ्दो भएको छैन । ५ वर्षका लागि नेपाली जनताले नेपाल कम्युनिष्ट

पार्टीलाई विश्वास र भरोसा गरी दिएको मत अपमान भएको छ भन्ने कुरा जगजाहेर छ । सम्माननीय अध्यक्षज्यू, असंवैधानिक कदम फिर्ता लिइयोस् भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूसँग आग्रह गर्दै मरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय कोमल वली ।

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, आज अमेरिकी संसदमा जुन हिंसात्मक गतिविधि भयो, त्यसले विश्वमै प्रजातन्त्रमाथि खतरा उत्पन्न गराएको छ । चार जनाको ज्यान जानेगरी वासिङ्गटन डिसीमा भएको दङ्गा र हिंसाले संसदीय व्यवस्थालाई सर्वोपरि ठान्ने सबै देशलाई थप चुनौती र चिन्ताको वातावरण बनाइदिएको छ । सम्माननीय अध्यक्ष महोदय, सत्ताको शान्तिपूर्ण हस्तान्तरणको प्रक्रियालाई यस्तै गैरकानूनी विरोधले लोकतान्त्रिक प्रक्रियामाथि खतरा उत्पन्न गराउँदछ । म यस घटनाको कडा शब्दमा विरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय जीवन बुढा ।

**माननीय श्री जीवन बुढा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, गएको भदौ महिनामा कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका, राजकोट नगरपालिका, तिलागुफा नगरपालिका, महावै गाउँपालिका र सान्य त्रिवेणी गाउँपालिकामा भिषण बाढी र पहिरो गई ११ सयभन्दा बढी नागरिकहरू घरबारविहीन भएका छन् । सोको पुनर्स्थापनाको निम्ति अहिले कालिकोट जिल्लामा हिउँ परिरहेको छ र नागरिकहरू खुला आकाशमा बस्न बाध्य छन् । उनीहरूको पुनर्वासको निम्ति नेपाल सरकारको गम्भीर रूपले ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय तारा देवी भट्ट ।

**<u>माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्षज्यू, किसानहरूले मेहनत गरिरहेको उखुको पैसा माग्दा सालसालै आन्दोलन गर्नुपर्ने त्यसको लागि सरकार मौन हुने, आश्वासन दिने तर उपलब्धि शून्य हुने, चिन्ताग्रस्त किसान मर्नु पर्ने किन ? सरकारले यसको जवाफ दिनु पर्दछ । किसानले मल, बीउ, बिजन पनि समयमा उपलब्ध नगराउने र यसरी किसानले दोब्बर खाद्यान्न उत्पादन गर्ने भनेर सरकारले समयमा हाम्रो प्रधानमन्त्रीज्यूले भन्नुहुन्छ । यसरी कसरी उपलब्ध गराउनुहुन्छ, किसानहरूलाई ? यसको लागि सरकार जवाफदेही हुनु पर्दछ र त्यो किसानको लागि सरकार एकदमै गम्भीर हुनुपर्छ । खालि मुखले भनेर मात्रै हुँदैन । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय वामदेव गौतम । समय १५ मिनेट ।

**<u>माननीय श्री वामदेम गौतम (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>:-** करिव ३ वर्षपछि संसदमा आएको हुनाले विर्सिन थालेको रहेछु । अध्यक्ष महोदय, राष्ट्रिय सभामा मेरो जीवनमा पहिलो पटक अस्ति म उपस्थित भए र आज केही सम्बोधन गर्ने अवसर पाएको छु । म अध्यक्ष महोदय र उहाँमार्फत अन्य व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु । पहिलो पटक उपस्थित भएको हुनाले मैले आफ्नो जीवन कम्युनिष्ट आन्दोलनको निम्ति समर्पित गरेको छु । बाँकी कति समय बाँच्ने हो त्यो त थाहा छैन । तर यो ७३ वर्षमा ७ वर्ष घटाएर अरु सबै समय यही आन्दोलनको निम्ति मैले समर्पित गरेको छु । यस अवसरमा यो आन्दोलनको लागि आफ्नो जीवन समर्पित गर्ने शहिदहरूप्रति श्रद्धासुमन व्यक्त गर्दै हाम्रा अग्रजहरूप्रति सम्मान प्रकट गर्दछु । मलाई राष्ट्रिय सभामा मनोनीत गर्नुहुने राष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू र त्यसबेलाको पार्टीका सम्पूर्ण नेताहरूलाई मैले धन्यवाद दिनुपर्छ । म उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आज म खुसी हुनुपर्ने हो तर म छैन मैले आफ्नो जीवनको सबैभन्दा ठुलो उद्देश्य २ वटा मैले घोषणा गरेको थिएँ । एउटा गणतन्त्र नेपालको स्थापना गर्ने र दोस्रो यो गणतन्त्र नेपालको स्थापना गर्ने काम मेरो जीवनको उत्तरार्धतर्फ प्राप्त भएको हुनाले अब मैले नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्न सके भने एउटा ठुलो उपलब्धि हुनेछ राष्ट्रको निम्ति कम्युनिष्ट आन्दोलनको निम्ति मात्रै होइन संसारमा सबैभन्दा पीछडिएको देशको रूपमा रहेको नेपाललाई समृद्ध नेपाल बनाउनको निम्ति नेपालका सबै कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गर्न सकियो भने त्यो मेरो जीवनको अर्को उद्देश्य पूरा हुनेछ । त्यो पनि मैले प्राप्त गरेँ, त्यो जनताले प्राप्त गरे कम्युनिष्ट आन्दोलनमा लागेका सबैले प्राप्त गरे र म त्यसबेला अति खुसी भए कि मेरो जीवनको लक्ष्य पूरा भएको छ । अब मलाई कम्युनिष्ट आन्दोलनमा लागे वापत कसैले पनि धिक्कार्ने छैनन् । मैले सानै उमेरदेखि यो आन्दोलनमा आफूलाई लगाउँदाखेरि धेरैधेरै मानिसहरूले खिसीटिउरी गर्थे । मेरो घरमा मेरो बुवा काँग्रेस हुनुहुन्थ्यो आमा काँग्रेसको समर्थक हुनुहुन्थ्यो र मेरो नातागोता इष्टमित्र सबै नेपाली काँग्रेसकै सदस्यहरू, नेताहरू, कार्यकर्ताहरू हुनुहुन्थ्यो त्यस्तो ठाउँबाट म कम्युनिष्ट पार्टीमा प्रवेश गरेको व्यक्ति हो । त्यसो भएर सबैले मलाई खिसीटिउरी गर्दथे यति सानो बच्चाले भन्दै छ । राजा फाल्छु अल्लि दिनपछि बाले मलाई भन्नु भयो कस्ता-कस्ता नेताले राजालाई केही गर्न सकेनन् बीपी कोइरालाजस्ता महान नेताहरूले केही गर्न सक्नुभएन यो फुच्चेले म राजा फाल्छु भनेर भन्छ उहाँले भन्नुहुन्थ्यो । मैले मेरो बाको अगाडि केही बोल्न सक्दैनथिएँ कि घरमा हैकम थियो तर म लुकेर मात्रै आफ्ना विचारहरू आफ्ना झण्डा प्रदर्शन गर्ने आदि इत्यादि गर्दथेँ । मैले राजतन्त्र अन्त्य भएर गणतन्त्र स्थापना हुँदाखेर मेरो पिताजी बाँच्नु भएको भए के भन्नुहुन्थ्यो होला ? भनेर मैले गर्व गरेँ । अब नेपाली जनताले मलाई पटकपटक माया प्रदर्शन गरेका छन्, सम्मान प्रकट गरेका छन् उनीहरूप्रति म सधैंभरि आभार नै छु । तर त्यही पार्टी आज विभाजित छ । मैले कुनै औचित्य देख्दिनँ विभाजनको कुनै पनि एउटा पनि औचित्य देख्दिनँ । म पार्टी एकतापछि पार्टीको सचिवालयको एउटा सदस्यको नाताले मैले धेरै विषयहरू उठाएँ । पार्टीका नेताहरूका कार्यशैलीका सम्बन्धमा पनि मैले सुधारका निम्ति धेरै अनुरोध गरेँ तर पनि त्यो कार्यशैली सुधार हुन सकेन । म विभिन्न कारणले एउटा विरोधी जस्तो भएर प्रकट भएँ तर मैले अविश्वासको प्रस्तावबाट आफ्नै पार्टीको नेतालाई पराजित गर्ने यस्तो किसिमको काम होला भन्ने मैले सोचेको थिइन र गएको ८/९ महिनादेखि मैले निरन्तर आलोचना गर्ने समूहभित्र बसेर

पनि पार्टी एकतालाई जोगाउनको निम्ति मैले अविश्वासका प्रस्तावलाई असफल गराएको थिएँ ।

म त्यसमा सामेल हुन सक्दिनँ भनेको थिएँ । पार्टीमा विभिन्न आरोप प्रत्यारोपसहितका पत्रहरू राख्दा पनि मैले यो एउटा सुधारको निम्ति सम्भव उपाय हुन सक्छ भनेर माग मैले राखेको थिएँ । तर अविश्वासको प्रस्ताव लैजाँदाखेरि मलाई सोधिएन । यस पटक मलाई थाहा थिएन । कि ५ गते अविश्वास प्रस्ताव जान्छ भनेर, प्रधानमन्त्रीको म कटु आलोचक हुँ । उहाँको कार्यशैलीले नै हाम्रो पार्टीले धेरै-धेरै विवादहरू उत्पन्न गराएका हुन् । उहाँ मेरो ४३ वर्षदेखिको सहयोद्धा पनि हो । मेरो मित्र पनि हो । उहाँलाई मैले धेरै पटक सुझाव राखेको छु । यो शैली सुधार गर्नुपर्छ भनेर । उहाँ प्रधानमन्त्री २ पटक हुनुभयो दुवै पटक मैले धेरै अनुरोध गरे कति मेरा सुझावहरू उहाँले ग्रहण गर्नुभयो कति ग्रहण गर्नु भएन तर उहाँले पनि मलाई मित्रको रूपमा नै सधैंभरि सम्मान गर्नुहुन्छ आज पनि गर्नुहुन्छ । तर यस पटक प्रतिनिधि सभा भङ्ग गर्दाखेरि म एउटा कम्युनिष्ट आन्दोलनको योद्धा आफ्नो जीवन समर्पित गरेको आफ्नो किसिमले भूमिका खेलेको सायद नेकपा एमालेभित्र सबैभन्दा बढी सङ्गठन निर्माण गर्ने र नेताहरू, कार्यकर्ताहरू र पार्टी सदस्य निर्माण गर्नेभित्र म पर्छु होला । अत्यन्त कठिन परिस्थितिमा हामी एक ठाउँमा छौं तर उहाँले सोध्नु भएन । मलाई थाहा थिएन । उहाँले पटक-पटक भन्ने गर्नुभएको थियो यो मलाई अविश्वासद्वारा वर्खास्त गर्ने काम प्रधानमन्त्रीबाट वर्खास्त गर्ने काम गर्नुभयो भने त्यो दुर्भाग्यपूर्ण हुनेछ । मैले उहाँलाई सल्लाह दिएको थिएँ पार्टीमा जब अल्पमतमा पर्छन् नेताहरू प्रधानमन्त्री नै भए पनि राजीनामा दिनु पर्दछ । पार्टी जोगाउनको निम्ति अन्तिम पटक पनि उहाँको निम्ति अवसर थियो । अविश्वासको प्रस्ताव लगिराखेको थियो भन्ने थाहा पाएपछि मैले सोचें म त्यो ठाउँमा भएको भए के गर्दथे होला भनेर सोचें म भएको भए त्यो अविश्वास प्रस्ताव दर्ता गर्नभन्दा पहिले नै मैले राजीनामा दिन्थें ।त्यसैले मैले मेहेनत गरेर निर्माण गरेको पार्टी जोगिन्थ्यो र एउटा उदाहरण प्रस्तुत हुन्थ्यो नेपालको इतिहासमा । कि पार्टी र सरकारको सम्बन्ध राम्रो गरेर मिलाउनको निम्ति र आगामी दिनमा यो आन्दोलनलाई अगाडि बढाउन चाहनेहरूको निम्ति एउटा शिक्षा हुने थियो मैले त्यस्तो सोचें । त्यसो भएर मैले समर्थन गरिनँ । मैले यो असंवैधानिक कदम हो भनेर भने तर सर्वोच्च अदालतमा परेका जति पनि रिटहरू छन् ती रिटहरू संवैधानिक इजलासमा लगिएपछि अब असंवैधानिक हुन् भन्न मिल्दैन । त्यसो भएर म चुप लागेको छु ।

यो विषय संवैधानिक विषय हो भनिसकेपछि सर्वोच्च अदालतले त्यो भनिसकेपछि पछि पनि निर्णय गर्दाखेरि यदि पुनर्स्थापना नै गरेछ भने पनि यो असंवैधानिक हो । त्यसो भएर पुनर्स्थापना भनेर भन्ने छैन । निर्वाचनलाई जारी गरेछ भने त त्यो संवैधानिक नै हो भन्ने होला तर पनि यो विषय संवैधानिक इजलासको विषय हुनाले साधारण इजलासबाट यसको टुङ्गो लाग्न मिल्दैन भनेर लगिसकेपछि अब हामीलाई भन्न त स्वतन्त्रता छ । यहाबाट बोल्न पनि स्वतन्त्रता छ बाहिर बोले पनि स्वतन्त्रता छ जहाँ बोले पनि त हाम्रो मौलिक अधिकार कसैले हनन् गर्न सक्दैन । त्यसो भए पनि हामीले विचार गर्नुपर्छ । अब संविधानविरुद्धमा छ, असंवैधानिक छ भन्यौं भने सर्वोच्च अदालतको राजनीतिक रूपमा अपमान हुन्छ । म जनताको बहुदलीय जनवाद जसलाई नेकपा एमालेले आफ्नो मार्गदर्शक सिद्धान्त बनाएको थियो र आज त्यो पेन्डिङ्ग छ । निलम्वन जस्तो भएको छ । त्यसको म व्याख्याता पनि हुँ । मदनभण्डारीपछि सबैभन्दा धेरै लेख्ने, सबैभन्दा धेरै बोल्ने र सबैभन्दा धेरै प्रशिक्षण दिने मै हुँ । हामीले संविधानको सर्वोच्चतालाई हाम्रो सिद्धान्तको मूल विषय बनाएका छौं । यो सारा संसारभरिका कम्युनिष्ट पार्टीहरूले मान्दैनन् । कम्युनिष्ट पार्टी सर्वोच्च संस्था मान्छन् । तर हामी त्यसलाई चुनौती दिँदै हामीले भन्यौं की हामी अब संविधानको सर्वोच्चतामा जान्छौं । संविधानको सर्वोच्चतालाई मान्छौं त्यसको पालना गर्दछौं । संविधानभित्रको विषय आफूले भनेबमोजिम भएन भन्दैमा त्यसलाई बदनाम गर्ने किसिमले काम गर्नु उचित हुँदैन भन्ने मलाई लाग्छ । आज हाम्रो पार्टी २ समूहमा विभाजित छ र म कुनै पनि समूहमा छैन किनभने मैले विचार गरें यो तीन वर्षमा नै पार्टी विभाजन गर्नु थियो भने एकता किन गर्नु परेको थियो ? पार्टीभित्र अन्तरविरोधहरू हुँदैनन् भनेर कसैले कल्पना गर्दछ भने त्योजत्तिको मुर्खतापूर्ण निष्कर्ष अरु हुन सक्दैन । पार्टीको जीवन अन्तरपार्टी सङ्घर्षमा हुन्छ । वादविवादमा हुन्छ, वादविवादहरूको निष्कर्ष निस्कन्छ फेरि अर्को अन्तरविरोध पैदा हुन्छ । त्यसो भएर अन्तरपार्टी सङ्घर्षबाट कुनै पार्टी कम्युनिष्ट पार्टी मात्रै होइन राजनीतिक पार्टीहरू मुक्त हुन सक्दैनन् । त्यहाँ नेता त्यो हुन्छ जसले ती समस्याहरूको समाधान गर्छ । देखा परेका अन्तरविरोधहरूलाई सही किसिमले विश्लेषण गर्न सक्छ र त्यसको समाधान दिँदा पार्टीलाई नयाँ जीवन प्राप्त हुन्छ । त्यसलाई त्यस रूपमा प्रयोग गर्नु पर्ने हो तर आज राजनीतिक रूपमा विभाजित छ र कानूनी रूपमा के हुन्छ भन्न सकिदैन । किनभने मैले निर्वाचन आयोगले के गर्छ त्यो पनि थाहा छैन हाम्रो पार्टीको विरोधमा ऋषि कट्टेलजीले मुद्दा हाल्नु भएको छ र त्यो मुद्दा सर्वोच्चमा छ ।

निर्वाचन आयोगले हराइदिएपछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मेरो पार्टी हो र यसलाई खारेज गरी पाऊँ भनेर भनेको छ । यदि खारेज भयो भने के हुन्छ होला ? मेरो विचारमा के हुन्छ त्यो त थाहा छैन तर त्यसको निर्णय ऋषि कट्टेलको पक्षमा गयो भने नेपाल कम्युनिष्ट पार्टी, नेकपा सम्भवतः एउटा एउटा पक्ष नेकपा एमाले हुने होला, एउटा पक्ष नेकपा एकता माओवादी केन्द्र बन्ने होला र त्यस्तो भयो भने के हुन्छ भन्ने एउटा अवस्था यहाँ छदैंछ । दुवै पक्षमा मैले गल्ती कम्जोरीहरू देखिरहेको छु तर पनि एकताको निम्ति लामो समय प्रयत्नरत रहेको र त्यसमा मैले गौरव गरेको हुनाले फेरी एकता गराउन सकिन्छ कि भनेर पनि मैले आफूलाई लगाइरहेको छु । एक्लै एकताको माहोल बनाउन सकिन्न कि भनेर म सङ्गठनात्मक संरचना निर्माण गरेर पनि जाने पक्षमा छु । मलाई लाग्छ यो पार्टीको बीचमा एकता अपरिहार्य छ, बुझ्न सकियो भने तर अवस्था कस्तो छ भने २ वटा समूहका मुख्य नेताहरू नै यसरी उत्रनु भएको छ कि समाजवादी सभ्यता निर्माण गर्ने संस्कृति निर्माण गर्ने भनेर हामीले भन्छौं, समाजवादी सभ्यता निर्माण गर्ने भन्छौं भन्नेहरूलाई लाज लाग्ने गरी आफ्ना विचारहरू प्रकट गर्नु भएको छ । (समय सकिएको हुँदा माइक काटिएको)

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेशजंग रायमाझी । समय १० मिनेट । यसपछि खिमलाल भट्टराई ।

**माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, संघीय संसदको अधिवेशन बोलाउनु पर्ने बेलामा हाम्रा देशका प्रधानमन्त्री खड्गप्रसाद ओली उर्फ (केपी शर्मा ओली)ले संघीय संसदको अधिवेशन बोलाउनुको सट्टा प्रतिनिधि सभा विघटन गरेको छ । यो संविधान यही संविधान हो, नेपालको संविधान । यही संविधानअन्तर्गत निर्वाचनमा निर्वाचित भएर आएको प्रतिनिधि सभाको सदस्य उहाँ चाहिँ यो मुलुकको प्रधानमन्त्रीको जिम्मेवारी लिन पुग्नुभयो र उहाँले जसरी यो मुलुकलाई जुन हिसाबले सुखी नेपाली समृद्धी नेपालको सपना बाँड्नु भएको थियो र नेपाली जनतासँग मत माग्नु भएको थियो । हामी ५ वर्षभित्रमा यो मुलुकलाई समृद्धिको दिशामा पुऱ्याउँछौं भनेर । ५ वर्षसम्म सरकार चलाउन नसक्ने नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओलीलगायत नेपाल कम्युनिष्ट पार्टीका सारा नेताहरू चाहे प्रचण्ड हुन् चाहे झलनाथ

हुन् चाहे माधव नेपाल हुन् चाहे जोसुकै नेता हुन् र यो पार्टीले जसरी जनताले दिएको मत प्राप्त गरेको थियो र समृद्धि नेपालको सपना देखेको थियो त्यो बाटोमा गएन यो सरकार, त्यो उद्देश्यमा यो सरकार गएन । केवल के मा गयो भनेर हामीले यो सदनमा मलगायत धेरै माननीयहरूले यो सदनमा उठायौं हामीले । भष्ट्राचार भयो, कोभिडमा भष्ट्राचार गरियो । गोकर्ण रिसोर्टको विषयमा ५० औं करोडभन्दा बढीको अनियमितता भएको भनेर । मैले सदनमा कुरा उठाएको हुँ उठाउँदाखेरि न नेपाल कम्युनिष्ट पार्टीका नेता न माननीयहरू त्यसलाई समर्थन गर्न लाग्नुभयो । त्यो गरेको भए साँच्चै सरकार भ्रष्टाचारको बाटोमा हिँडिरहेको छ । सरकार अनियमितताको बाटोमा हिँडिरहेको छ भनेर त्यतिखेरको माननीयले नेपाल कम्युनिष्ट पार्टीका माननीयले सोचेको भए आज सडकमा पूर्वप्रधानमन्त्रीहरू बाटा-बाटामा बस्नुपर्ने दिन आउँदैनथ्यो । सम्माननीय अध्यक्ष महोदय, त्यसकारण जनताको सवाल आउँदाखेरि, देशको कुरा र राष्ट्रको कुरा आउँदाखेरि पार्टी हेरिँदैन । पार्टी हेर्नु हुँदैनथ्यो । एउटा भ्रष्टाचारी नेतालाई जोगाउन हुँदाखेरि आज यो मुलुकमा नेपाल कम्युनिष्ट पार्टी नेकपा दुर्घटनामा पुगेको छ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, मैले अन्तिममा बोलिसकेपछि यो संविधान नेपालीमा लेखिएको छ । हाम्रो प्रधानमन्त्रीले यो संविधान पढ्न नेपालीमा जान्नु भएन भने यसको अनुवाद English मा पनि गरिएको छ । त्यो google मा छ उहाँका सल्लाहकारहरूले एक पटक निकालेर देखाए हुन्छ । अन्तिममा मैले बोलिसकेपछि यो संविधान सम्माननीय अध्यक्षज्यूमार्फत किनभने संविधानको धारा ७६ मा राष्ट्रपतिलाई गरिएको छ र ८५ भनिएको छ यो धारा । यो कुनै पनि मध्यावधि निर्वाचनको लागि वैकल्पिक सरकार बन्न सक्दैन भने मात्र ती कुराहरूको मध्यावधिमा जान सक्ने अथवा अन्यमा जान सक्ने भनिएको छ । त्यसकारण यो संविधान पढ्नको लागि सम्माननीय अध्यक्षज्यूमार्फत म बोलिसकेपछि अन्तिममा बुझाउने छु र प्रधानमन्त्रीसम्म पुगोस् भन्ने पनि मेरो आग्रह गर्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू । र एउटा प्रधानमन्त्री हुनको लागि योग्यता चाहिन्छ, प्रतिनिधि सभाको सदस्य हुनुपर्छ, पहिलो योग्यता । दोस्रो बहुमत सदस्यहरूको माननीय सदस्यहरूको समर्थन हुनुपर्छ । तेस्रो मानसिक सन्तुलन ठीक भएको हुनुपर्छ । र उहाँ आफैं स्वयम् अब अहिले प्रधानमन्त्री भन्ने कि नभन्ने उहाँलाई उहाँ आफैं स्वयम् यो मुलुकको चाहिँ प्रतिनिधि सभाको सदस्य हुनुहुन्न । बहुमत सदस्यहरूको समर्थन उहाँलाई देखिँदैन भने यो खालको संविधान मिचेर काम गर्ने प्रधानमन्त्रीलाई अर्को मानसिक सन्तुलन गुमिसकेको मानिस प्रधानमन्त्री हुन पाउँदैन भनेर

हाम्रो संविधानमा छ । त्यसकारण असंवैधानिक कार्य गर्ने मानिस यो मुलुकको प्रधानमन्त्री हुन्छ कि हुँदैन ? मानसिक सन्तुलन गुमिसकेको भन्न मिल्छ कि मिल्दैन ? सम्माननीय अध्यक्ष महोदय, त्यसकारण पनि यो कदम असंवैधानिक हो । यो अत्यन्तै असंवैधानिक, अलोकतान्त्रिक र हामीले भनेजस्तै अधिनायकवादको बाटोमा हिँड्नको लागि यो सरकारले आफ्नो रेखा कोरिरहेको छ । राष्ट्रपतिलाई हरेक कागजमा सही गराउने ? राष्ट्रपति नेपाल कम्युनिष्ट पार्टीको अध्यक्ष हो, नेपाल कम्युनिष्ट पार्टीको कार्यकर्ता हो ? होइन, यो मुलुकको उच्च स्थानमा राखेको हो हामीले । सम्मानित संस्थालाई बदनाम गराउने काम यो सरकारले गर्‍यो । आज राष्ट्रपतिको एउटा महिला यो मुलुकको राष्ट्रपति भएको हामी सबैले गौरव गर्ने विषय भएको थियो । महिलाले अवसर पाएन भन्दा यो उच्च स्थानमा लगेर राष्ट्रपतिलाई विवादमा परेर महिलाहरू के साँच्चै असक्षम हुन काम गर्न ? भन्ने प्रश्न खडा गरिदिएको छ । होइन, महिलाहरूबाट हामी शिक्षित भएका हौं, हामी यहाँ पुगेका महिलाहरूको शिक्षाको कारणले हामी आज अनुशासित भएका हौं । त्यसकारणले म अहिले पनि यो सम्माननीय अध्यक्षज्यूसँग नेपालका सम्पूर्ण महिलाहरूलाई सम्मान गर्न चाहन्छु । तर एउटा तानाशाहको भरमा हिँड्दाखेरि आज राष्ट्रपति विवादमा पर्नुभएको छ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय यो हामीले हाम्रो पार्टीको निर्णय पनि छ र यसरी असंवैधानिक कदम चालिसकेपछि निर्वाचनको कुरा गरिएछ । अगाडि के हुन्थ्यो भने निर्वाचनमा जाने व्यक्ति त्यो काम चलाउ प्रधानमन्त्रीको रूपमा लिइन्थ्यो । अहिले प्रधानमन्त्री मन्त्रीमण्डल पुनर्गठन गरिराख्नु भएको छ । निर्वाचन हारेका मानिसलाई निर्वाचनमा पराजित भएका मानिसलाई ल्याएर मन्त्री बनाइराख्नु भएको छ । संविधान प्रधानमन्त्रीले मान्नु हुन्न भन्ने, अरु राजनीतिक दलले संविधान मान्दिनुपर्ने ? प्रधानमन्त्री को हो यो ? हिटलर हो यो मुलुकको ? उहाँले जे मन लाग्यो त्यही गर्ने ? उहाँको भरमा छन् जनताहरू ? त्यसकारण आज नेपाल कम्युनिष्ट पार्टीमा मात्रै होइन म एउटा केपी शर्मा ओलीलाई मात्र भन्दिनँ सारा कम्युनिष्ट पार्टी दोषी छ आज यो मुलुकमा । यो मुलुकलाई यो दिशामा पुर्‍याउन । त्यसकारण अहिले प्रधानमन्त्रीले कहिल्यै प्रभावित पार्नलाई सर्वोच्च अदालतले हामीलाई दिन्छ । हाम्रो संवैधानिक कदममा हुने काम प्रभावित पार्ने काम प्रधानमन्त्रीले बोल्नु हुँदैन । प्रधानमन्त्रीका क्याबिनेटका मन्त्रीहरूले बोल्नु हुँदैन । सडकमा भएका मानिसले हरेक कुरा उठाउन सक्छ । राजनीतिक दलले हरेक कुरा उठाउन सक्छ जनताको सरोकारको विषयमा । त्यसकारण प्रधानमन्त्रीलाई

म यो सदनमार्फत भन्न चाहन्छु । तपाईं अदालतलाई प्रभावित बनाउने काम नगर्नुस् यति गर्नु पनि हुँदैन । धारा ७६ र ८५ एक पटक फेरि पढ्नुस् । यो सदनले पढोस् सम्माननीय अध्यक्षज्यूले पढ्दिनुस् । धारा ७६ र ८५ मा के व्यवस्था गरिएको छ ? त्यसैलाई हाम्रो परम्परा भनिदिने । परम्परा हाम्रो परम्परा २३७ वर्षको परम्परा थियो मुलुकमा । राजतन्त्रले राजसत्ता चलाएको हामी त्यो परम्परालाई फेरि ल्याएर राख्ने ? आज सडकमा राजाका कुराहरू उठिरहेका छन् राजाका कुराहरू उठिरहेका छन् बारम्बार यसलाई प्रोत्साहित गर्ने काम कसले गऱ्यो ? हाम्रो देशको प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभयो आज । उहाँका कारणले राजनीतिक गणतन्त्र भनेको यो मुलुकको अफापसिद्ध हो । गणतन्त्र भनेको यो मुलुकको लागि उपयुक्त होइन भनेर प्रचार गर्नेलाई आज यो ५ वर्षलाई जनताले हालेको मतको अपमान गर्ने अधिकार हाम्रो प्रधानमन्त्रीमा छ ? छैन सम्माननीय अध्यक्ष महोदय । अब म भन्छु, सूर्य चुनाव चिह्न लिएर हँसियाहतौडा चुनाव चिह्न लिएर चुनाव लड्दै गर्दा र मत माग्दै गर्दा ती वृद्धाहरूलाई तिनीहरूको जीवनमा ५ हजार रुपियाँ वृद्ध भत्ता पुऱ्याउँछु भनेर भनिरहेको सरकार बनेको सरकारले यो सदनमा पहिलोपल्ट वृद्ध भत्ता बढाउने काम गरेनँ । हामीले र सत्ता पक्षका केही माननीयहरूले पनि वृद्धहरूको भत्ता बढायोस् किन बढाएन सरकारले भन्दाखेरि अर्को पल्ट बजेटमा एक हजार रुपियाँ बढायो, ५ हजार पुऱ्याउँछु भनेको भत्ता अहिले सरकार विघटन गरेपछि ती वृद्धहरूमाथि अपमान भयो कि भएन ? सरकारले अपमान गऱ्यो कि गरेन हिजो मत मागेका मानिसहरूसँग ? त्यसकारण यो सरकार हरेक ठाउँमा चुकेको छ । हरेक ठाउँमा भष्ट्राचार गरेको छ । सरकारले भन्ने सम्माननीय अध्यक्ष महोदय गरिब जनताले कोरोनाका कारण उपचार गर्न हस्पिटल जाँदाखेरि उपचारको बेलामा पैसा आफैं तिर्नैपर्छ भन्ने । होला राज्यसँग पैसा छैन भनेर हामीले त्यो कुरालाई मान्यौं, सरकारसँग पैसा छैन होला तिर्नेपर्छ भन्ने होला तर एउटा गरिबले उपचार गर्न जाँदाखेरि पैसा झिकेर तिर्नुपर्ने यो समय नपुगिकन संसद विघटन गरेर आज २० अर्ब रुपियाँ राज्य ढिकुटीबाट खर्च गर्न सरकारसँग पैसा हुने कहाँबाट आयो यो पैसा ? कहाँबाट आयो आज यो पैसा सरकारसँग म सोध्न चाहन्छु । त्यसकारण यो सरकारले गरिबको छातीमा आज टेकेको छ । गरिबलाई अपमानित गरेको छ । हिजो गरिबसँग फकाई-फकाई लिएको मतको आज त्यो गरिबले जसरी मत हालेका थिएँ हिजो सूर्य र हँसियाहतौडामा आज तिनले कल्पना गरिरहेका छन् हामीले कति ठूलो अपराध गरेछौं । आज आफ्नै हातलाई सिलौटोमा कुच्याउँदै छन् ती जनता । यो स्थिति आयो आज सम्माननीय अध्यक्ष महोदय । त्यसकारण सम्माननीय अध्यक्षज्यूमार्फत यो

सरकारले अदालतलाई प्रभावित बनाउने काम नगरोस्  भन्न पनि म चाहन्छु  र यो जस्तो हामीले  संसदले चुच्चे नक्सा हामीले पास गऱ्यौं । भूमि हाम्रो भूमिलाई पास गऱ्यौं । यो भूमि हाम्रो हो भन्यौं तर हामीले भूमि मात्रै हाम्रो राष्ट्रियता होइन । एक जना सांसदबाहेक सबैले हामीले संघीय संसदको सबै सांसदले एक मतले पास गरेको भूमि कहाँ छ आज ? सरकारले कुटनीतिक पहल गऱ्यो त्यसमा प्राथमिकता दियो ? सरकारले कहीँ दिएन त्यसकारण सम्माननीय अध्यक्ष महोदय यो खालको नारा झुटा नाराले जनतालाई भ्रम पार्ने काम नगरौं भन्दै आफ्नो विचार यहीँ बन्द गर्छु । धन्यवाद । जय नेपाल ।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय खिमलाल भट्टराई । सयम १२ मिनेट । यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

<u>माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः</u>- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म हाम्रो पार्टीका आदरणीय उपाध्यक्ष, पार्टीका नेता कमरेड वामदेव गौतमलाई उहाँको जीवनकालमा उहाँ पहिलो पटक राष्ट्रिय सभामा प्रवेश गर्नु भएको छ । म उहाँलाई स्वागत गर्न चाहन्छु । हार्दिक बधाई दिन चाहन्छु र उहाँको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, समकालीन नेपाली राजनीतिको प्रस्थान बिन्दु २०६२/०६३ को जनक्रान्ति हो र त्यसले उत्पादन गरेका उपलब्धिहरू हुन् । यसको तात्पर्य लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशी, समानुपातिक राजनीतिक पद्दति, धर्म निरपेक्षता र सार्वभौमसत्ता जनताको हातमा हुने व्यवस्था नै जनक्रान्तिबाट हामीले हासिल गरेका उपलब्धिहरू हुन् । यिनको संस्थागत विकास गर्दै अगाडि बढ्नु आजको राजनीतिक व्यवस्था र नेतृत्वको दायित्व हो ।

अध्यक्ष महोदय, यतिबेलाको मुलुकको राजनीतिक परिपाटीको नेतृत्व नेपाल कम्युनिष्ट पार्टी नेकपाले गरिरहेको छ र व्यक्तिगत रूपमा देशको प्रधानमन्त्रीको हैसियतमा केपी शर्मा ओलीले नेतृत्त्व गरिरहनु भएको छ । यस अवधिको पछिल्लो समयमा प्रधानमन्त्रीबाट गरिएको प्रतिनिधि सभाको विघटन र चुनावको तिथिमितिको

घोषणालाई लिएर समाजमा विभिन्न ढङ्गले बहस र विश्लेषण गर्ने गरिएको छ । बहस हुनु स्वभाविक हो, विश्लेषण गरिनु स्वभाविक हो । मुलुकको समग्र राजनीति र राजनीतिका अङ्गप्रत्यङ्गहरू यसबाट तरङ्गित भएका छन् । यो पनि सत्य हो । तर कतिपय पार्टी, व्यक्ति र समुहहरूले प्रधानमन्त्रीको यस कदमलाई निरङ्‌कुश, अधिनायकवाद, तानाशाहीतर्फको यात्राको रूपमा अर्थ्याउने र जनतालाई भ्रमित गर्ने कोशिस गरेको देखिन्छ । यो आग्रहपूर्ण दृष्टिकोण हो । कुनै पनि तानाशाह र निरङ्‌कुश शासक चुनावको तिथिमिति तोकेर जनताको माझमा जाँदैन ।

अध्यक्ष महोदय, आज नेपालको राजनीतिक इतिहासमा दलीय प्रवृत्तिको पुनरावृत्ति भएको छ । एउटा शक्तिशाली सरकारका विरुद्ध बञ्चरो चलाउने काम आफ्नै पार्टीभित्रबाट भयो । आज केपी ओलीले व्यहोर्नु परेको पीडा इतिहासमा वीपी कोइरालाले पनि व्यहोर्नु परेको थियो । यद्यपि इतिहासमा निरङ्‌कुशताले लोकतन्त्रको गला जसरी रेटेको थियो, त्यो अवस्था आज छैन । जनप्रतिनिधिमूलक संस्थाहरूमध्ये प्रतिनिधि सभा मात्रै विघटन भएको हो । राष्ट्रिय सभा र प्रदेश सभा र स्थानीय तहहरू क्रियाशील अवस्थामा छन् । सत्यनाश भयो भन्ने ढङ्गले जसरी प्रचार गरिएको छ, स्थिति त्यस्तो होइन । जनप्रतिनिधमुलक संस्थाहरू चालू अवस्थामा विद्यमान छन् । जनप्रतिनिधिविहीन शून्य अवस्था भएको होइन । अध्यक्ष महोदय, प्रतिनिध सभा किन विघटन भयोहोला भन्ने प्रश्न जन-जनमा छ । यद्यपि यो रहर र लहनले गरिएको होइन । प्रधानमन्त्रीले भन्नु भएको छ, आफूले भारी मन लिएर गरेको काम हो, यो । खुशीले गरेको काम होइन । परिस्थितिको बाध्यात्मक कदम हो । पार्टीभित्रैबाट सरकारलाई काम गर्न दिइएन । नेतृत्त्व पङ्क्तिबाटै आफ्नै सरकारको विरुद्ध सदन र सडकमा विरोध गरेर आनन्द लिने प्रवृत्ति देखियो । सरकारलाई कसरी बलियो बनाउने होइन, कसरी कमजोर बनाउन सकिन्छ भनेर योजनाबद्ध रूपमा प्रस्तुत हुन थालियो । दिनरात किचकिच र अवरोधबाहेक केही गरिएन । जसको परिणाम सरकारले काम गर्नै नसक्ने परिस्थिति बन्दै गयो । अर्कोतिर प्रतिनिधि सभालाई आफ्नै सरकार ढाल्ने संयन्त्रको रूपमा दुरुपयोग गर्न दाउपेजको अखडा बनाउन थालियो । नीति र विधि निर्माणको रचनात्मक थलो होइन, सरकार गिराउने र बनाउने पदीय भागबण्डाको फोहोरी राजनीतिको दुस्चक्रमा संसदलाई पनि फसाउने अवस्था बन्न थाल्यो । आफ्नै सरकार ढाल्न अविश्वासको प्रस्ताव र सरकारविरुद्ध विभिन्न ढङ्गले हस्ताक्षर सङ्कलन भइरह्यो । यसरी संसदलाई पनि साधारण ढङ्गले चल्न नसक्ने परिस्थिति उत्पन्न गरियो । सरकार र

संसद दुवै चल्न नसक्ने परिस्थिति उत्पन्न भयो । यस अवस्थामा राजनीति अस्थिरतातर्फ जाने र जनतामा निराशा र असन्तुष्टि बढ्दै जाँदा प्रत्येक क्रान्तिकारी शक्तिलाई मलजल पुग्ने निश्चितै थियो । त्यसो हुन नदिन र धमिलिन खोजेको राजनीतिलाई सङ्लो बनाउन जनतामा जानु अनिवार्य आवश्यकता बन्न गयो । यसैको परिणाम प्रतिनिधि सभाको विघटन र निर्वाचनको मिति घोषणा हुनपुग्यो ।

अध्यक्ष महोदय, संसदको विघटन र चुनावको घोषणा सम्बन्धमा संविधानमा व्यवस्था नै छैन भन्ने कुरा गलत हो । संविधानको धारा ७६ र ८५ मा यस सम्बन्धमा व्यवस्था छ । त्योभन्दा बढी संसदमा बहुमत प्राप्त सरकारका प्रधानमन्त्रीले जब आफ्नो सरकारले काम गर्न नसक्ने ठान्दछ र संसदमा अर्को बैकल्पिक शक्ति पनि देख्दैन, त्यस अवस्थामा संसद विघटन गरेर ताजा जनादेशका लागि जनतामा जाने विशेष अधिकार कुनै पनि लोकतान्त्रिक व्यवस्थाभित्र प्रधानमन्त्रीमा सुरक्षित रहन्छ । यो नै लोकतन्त्रको मूल्य हो र मान्यता पनि हो । काम गर्न पनि नसक्ने, कुर्सीमा टाँसिरहने, सुविधा भोग गरिरहने र सत्ता कब्जाको मानसिकता राख्ने प्रवृत्तिले लोकतन्त्र बलियो हुन सक्दैन । न त परिवर्तनका उपलब्धिहरू नै सुरक्षित हुन सक्दछन् । त्यसैले ताजा जनादेशका लागि चुनावमा जानु नै आजको राजनीतिको सही निकास हुन सक्दछ । अरु कुनै पनि विकल्पले मुलुकको राजनीतिलाई अस्थिरतातर्फ र द्वन्द्वतर्फ नै लैजाने छ । त्यसैले आजको राजनीतिको सही समाधान निर्वाचनले मात्रै दिन सक्दछ । त्यसैले हामी सबै चुनावतर्फ नै केन्द्रित बनौं । मेरो आग्रह छ ।

अध्यक्ष महोदय, खासगरी नेपाल कम्युनिष्ट पार्टी नेकपा नेतृत्वको सरकार बनेपछि काम भएन, विकास भएन, अझै अगाडि बढेन, केही पनि भएन, शून्य भयो भन्ने ढङ्गले दुस्प्रचार गर्ने आज कोशिस भइरहेको छ । यसले जनतामा केही मात्रामा निराशा पनि फैलाइरहेको छ । तथ्य यस्तै हो त ? तथ्य यस्तो होइन, तथ्य बेग्लै छ । यस अवधिमा थुप्रै कामहरू भएका छन् । देश विकास र समृद्धितर्फ नै अगाडि बढिरहेको छ । सङ्कट र खतरायुक्त तुइन जीवनबाट हाम्रो मानव समाज आज मुक्त भएको छ । तुइनयुगको समाप्ति नेपाली समाजको महत्त्वपूर्ण उपलब्धि हो । यो यही सरकारको देन हो । १८ घण्टा लोडसेडिङ्ग व्यहोरेको नेपाली समाज आज लोडसेडिङ्गमुक्त भएको छ र देश विद्युत बेच्न सक्ने ठाउँमा आइपुगेको छ । यो उर्जामा भएको क्रान्ति हो । यही सरकारको परिणाम हो, यो । अध्यक्ष महोदय, संघीयताको संस्थागत विकासको निम्ति कानूनी प्रबन्ध, संरचनागत व्यवस्था, बजेट विनियोजन, कर्मचारी व्यवस्थापन, सुरक्षा

अङ्गहरूको व्यवस्थापन गरिएको छ । प्रधानमन्त्री केपी ओलीलाई संघीयता विरोधी करार गर्न खोजियो । तर तथ्यहरूले उहाँको अगुवाइमा भएका कामहरूले संघीयतालाई मजबुत बनाइरहेका छन् ।

अध्यक्ष महोदय, नेपाली समाजमा यतिबेला समाजवादी हुनुको तात्पर्य समाजको शोषित, पीडित, गरिब, निमुखा वर्गको हितमा काम गर्नु हो । उनीहरूको जीवनमा बदलाव ल्याउनु हो र राष्ट्रिय अर्थतन्त्रको विकासमा लाग्नु हो । हो, यसकै निम्ति सरकारले यस अवधिमा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ । फुसको छानो बिस्थापन कार्यक्रम अगाडि बढाएको छ । जनता आवास कार्यक्रमअन्तर्गत बिपन्न दलित समुदायअन्तर्गतका घर निर्माणको कामलाई अगाडि बढाइरहेको छ । सुकुम्बासी भूमिहीनहरूलाई जमिनको मालिक बनाउने कामलाई सुरुवात गरिएको छ । गरिब सिमान्त वर्गको विशेष सुविधाको निम्ति गरिब परिचयपत्र वितरण गर्ने कामलाई यसको तयारी गर्ने काम अहिले सरकारले गरिरहेको छ । सरकारी विद्यालय र अस्पतालहरूको स्तरीकरणको निम्ति कार्य अगाडि बढाइएको छ । प्रत्येक पालिकामा एक अस्पतालको अवधारणाअनुसार एकै पटक ३७९ पालिकाहरूमा अस्पातल निर्माणको कामको शिलान्यास गरिएको छ । सडक मानवमुक्त अवस्था निर्माण गरिएको छ । राज्यद्वारा सामाजिक न्याय स्थापित गर्ने कुरामा सरकारको यथेष्ट ध्यान गएको छ । समाजका तल्लो वर्गका निम्ति गरिएका यी कामहरूले निश्चितै रूपमा समाजवादतर्फको हाम्रो यात्रालाई इङ्गित गर्दछन् ।

अध्यक्ष महोदय, राष्ट्रिय अर्थतन्त्रको विकासको निम्ति कृषिको पूर्वाधार विकास, सिँचाइको प्रबन्ध, कृषि सडक र मलखादको व्यवस्था र कारखाना स्थापनाको पहल बीउ विजनको व्यवस्था, कृषि बजार र शीत भण्डार निर्माणमा सरकार सक्रियतापूर्वक लागेको छ । पर्यटनको पूर्वाधार विकासमा तरक्कि नै भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरउन्नति भएको छ । भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा पुगेको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रक्रिया अगाडि बढेको छ । पर्यटकीय स्थलहरूको संरक्षण र विकासमा सरकार सक्रियतापूर्वक लागेको सबैको सामु जगजाहेर छ ।

अध्यक्ष महोदय, अरू पूर्वाधार निर्माणमा तीव्रत्तर विकास भइरहेको छ । तराईको विकासको मेरुदण्ड मानिने हुलाकी सडक निर्माण भइरहेको छ । पूर्व-पश्चिम राजमार्ग

६ लेन सडकको रूपमा फराकिलो बनाउने कामको सुरुवात भएको छ । काठमाडौं-तराई जोड्ने फास्ट ट्र्याकको निर्माण कार्य अगाडि बढिरहेको छ । मध्यपहाडि लोकमार्गको निर्माण कार्य अगाडि बढाइएको छ । उतर-दक्षिण राजमार्ग, कोशी करिडोर, कालिगण्डकी करिडोर, कर्णाली करिडोर र अरू पनि उतर-दक्षिण नाकासँग जोडिएका सडकहरू निर्माण भइरहेका छन् । मेलम्ची खानेपानी परियोजना सम्पन्न हुने चरणमा छ । भित्री मधेशलाई जोड्ने मदन भण्डारी राजमार्ग निर्माण भइरहेको छ । धरहराको निर्माण कार्य अन्तिम चरणमा छ । सहरहरूको सुन्दरीकरण र भौतिक निर्माण तीव्र रूपमा अगाडि बढिरहेको छ । गाउहरू पनि पूर्वाधारको हिसाबले सम्पन्न हुँदै छन् । सुरुङ्ग युगमा देश अगाडि बढेको छ । रेलमार्गको काम अगाडि बढिरहेको छ ।

अध्यक्ष महोदय, माथि उल्लेख गरिएका विकास कार्यहरूले निश्चित रूपमा राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने छन् र समाजवादको निम्ति आधार पैदा गर्नेछन् । यस अर्थमा सरकारका कदमहरू सही छन् । यद्यपि कसैको रहर र मनोगत आग्रह र हतारोले दशमा समाजवाद आइहाल्ने होइन । कुराले हुने भए पूर्वमन्त्री घनश्याम भुसालज्यूले मलखाद लिन सकिनँ भनेर माफी माग्दै हिड्नु पर्ने अवश्य थिएन । संरचनागत, कानूनी र योजनाबद्ध विकासले नै हामी समाजवादतर्फ अगाडि बढ्ने छौँ । मानवीय विकास सूचकाङ्कलगायत अन्य आर्थिक सूचकाङ्कहरूमा पनि आज देश अगाडि बढिरहेको छ । हामी सबैको शीर उचो भएको छ । राष्ट्रियता, राष्ट्रिय स्वाधीनताको प्रश्नमा नेपाल सरकार र प्रधानमन्त्री केपी शर्मा ओलीको अडान र निर्णयले यो देशको शीर उचो भएको छ । नेपालीहरूको छाती गर्वले फुलेको छ । खासगरी चीनतर्फका नाकाहरू खोल्नु र पारवहन सम्झौता गर्नुले नेपालले कहिल्यै पनि कसैको नाकाबन्दीको पिडा व्यहोर्नु नपर्ने कुराको आधार सिर्जना भएको छ । केपी ओलीको यो गुन युग-युगसम्म नेपालीहरूले सम्झिरहने छन् । लिम्पियाधुरा, लिपुलेक र कालापानीमा अतिक्रमित भूमि फिर्ता गर्ने सवालमा सरकार र प्रधानमन्त्री केपी ओलीको अडान, निर्णय, जमिन फिर्ता गरेरै छोड्ने अठोट र पहल कदमीले सिङ्गो देशलाई उत्साहित बनाएको छ ।

अध्यक्ष महोदय, जनक्रान्तिबाट प्राप्ति उपलब्धिहरूको रक्षा र संस्थागत विकास, लोकतान्त्रिक गणतन्त्रको सबलीकरण, संघीयताको कानूनी र संरचनागत विकास समाजवादतर्फ हाम्रो यात्रा र मुलुकको राजनीतिलाई विकास र समृद्धिमा केन्द्रित गरेर अगाडि बढ्ने कुरामा सरकारका कदमहरू सही छन्, सामहिक छन् । ......(समय सकिएको हुँदा माइक काटिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मृगेन्द्र कुमार सिंह यादव । समय ९ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलवासे ।

**<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल):-</u>** सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभा विघटन एकदम असंवैधानिक, अलोकतान्त्रिक, प्रतिगमनकारी, स्वेच्छाचारी, निरङ्कुश, कायरतापूर्ण र असमायिक कदम हो भने यसको घोर भर्त्सना म र मेरो दलले गर्दछ । आफ्नो पार्टीको अन्तरकलहले सिङ्गै मुलुकलाई चाहिँ झयाङ्झयाङ्मा पार्दिने ? सिङ्गै मुलुकलाई आफ्नो पार्टी मिलाउनु पर्दैनथ्यो ? नेता हो संसदीय दलको नेता ६४ percent रे यति जनताले दुई तिहाइ, झण्डै दुई तिहाइ मत दिएको आफू सरकार चलाउन नसक्ने र सिङ्गै मुलुकलाई चाहिँ कति खर्च हुन्छ चुनावमा ? यस्तो बेलामा covid को बेलामा covid ले ध्वस्त यो मुलुक र अर्थतन्त्रको अवस्था यत्रो नाजुकको बेलामा फेरि एउटा आर्थिक भार थुपार्दिने नेपाली जनतामाथि ? यो कदमलाई के भन्ने ? आफ्नो पार्टीको झगडा मिलाउनु पर्थ्यो । के- के थियो कहाँ दस्तखत भइरहेको थियो, कहाँ षडयन्त्र भइरहेको थियो पार्टीको नेता हो भने संसदीय दलमा फेरि निश्चित गर्नुपर्थ्यो । यो त संसद प्रतिनिधि सभामा आएर फेरि विश्वास मत लिनुपर्थ्यो । त्यति तब हुन्थ्यो एउटा बहादुर जस्तो काम । यो नत्र अहिले चाहिँ आफ्नो घरको झगडामा श्रीमतीसँग झगडा भयो, बुबासँग झगडा भयो भनेर घरमा आगो लगाइदिने ? यो घरमा आगो लगाउने जस्तो काम भयो । त्यसैले यो काम घेराबन्दीले वा घेराबन्दीमा पार्‍यो । कसले पार्‍यो घेराबन्दीमा ? यो जुन चुच्चोको लागि प्रस्ताव राख्नुभयो । त्यो प्रस्तावमा सिङ्गै को, सत्तापक्ष को, प्रतिपक्ष को सर्वसम्मतिले चाहिँ तपाईले प्रतिनिधि सभा र राष्ट्रिय सभाले साथ दियो । कहाँ घेराबन्दी गरेको थियो प्रतिनिधि सभाले ? कुन विषयमा घेराबन्दी गर्‍यो ?

त्यसैले अध्यक्ष महोदय यो चाहिँ एकदम अलोकतान्त्रिक कदम हो म त सरकारलाई भन्छु अहिले पनि फिर्ता हुने खालको छ भने फिर्ता लियोस् । सम्माननीयहरू हाम्रा राष्ट्रपति सम्मानित पद भइसिन्छ । अब त्यस्तो सम्मानित पदमा बसेपछि हाम्रो अभिभावक सम्पूर्ण नेपालीको अभिभावक, यो संविधानको संरक्षक तर उहाँले एउटा गुटको गुटबन्दीमा परेर यस्तो काम गराइयो सम्माननीय प्रधानमन्त्रीबाट सम्माननीय राष्ट्रपतिजीले । यो चाहिँ त्यसैले म त आग्रह गर्न चाहन्छु अहिले पनि सच्चिने ठाउँ छ भने सच्याइयोस् । यो मुद्दा चाहिँ संवैधानिक इजलासमा गएको छ अब संवैधानिक

निश्चित रूपमा नेपालको संविधानले स्वतन्त्र र निष्पक्ष न्यायलयको परिकल्पना गरेको छ । अब हेरौं निश्चित रूपमा त्यहाँबाट चाहिँ न्याय पाइन्छ नेपाली जनताले । तर यो कदमको सम्माननीय प्रधानमन्त्रीजीको यो कदमको अथवा सम्माननीय प्रधानमन्त्रीभन्दा पनि सम्माननीय भनौं कि नभनौं काम चाहिँ अर्कै-अर्कै किसिमको गर्ने सम्मान पाउने खालको काम नगर्ने । सम्माननीय प्रधानमन्त्री भनौं कि असम्माननीय प्रधानमन्त्री भनौं बडा द्वविधामा छु ।

अर्को कुरा यो देशमा कृषिप्रधान देश भन्छौं हामी हौं पनि । तर आफ्नै मेहनतले उब्जाएको उखुको पैसा लिनको लागि चाहिँ यहाँ जाडोमा कठ्याङ्ग्रिएर चाहिँ आन्दोलन गर्नुपर्ने, आफ्नो ज्यान दिनुपर्ने सरकार टुलुटुलु हेरिराख्ने, खालि वक्तव्य जारी गर्ने । बोलाएर त्यसमा ध्यान दिनुपर्ने त्यस्तो किसिमको ध्यान नदिने उनीहरूको पैसा नदिलाउने । यो कदमको पनि, यो विषयमा पनि म सरकारसँग आग्रह गर्न चाहन्छु कि उखु किसानको पैसा तुरुन्त दिलाइयोस् । अर्को कुरा अमेरिकाको संसदमा जुन घटना भएको छ निश्चित रूपमा लोकतन्त्र मान्ने व्यक्ति, लोकतन्त्रमा विश्वास गर्ने मुलुकलाई चिन्ताको विषय भएको छ त्यसको पनि घोर भर्त्सना गर्दै म बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गंगा कुमारी वेलवासे । समय ८ मिनेट । यसपछि माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी यस गरिमामय संसदमा छौं । आज हामी यस गरिमामय संसदको सबै सदस्यहरूको उपस्थिति हुने ठाउँमा छौं । हामी निर्वाचित भएर यस सदनमा आएको करिब १ वर्ष भयो । बल्ल एक जना माननीय राष्ट्रपतिबाट मनोनीत भएर आउनु भएको छ र हामी यस सदनलाई पूर्णता दिन पुगेका छौं । त्यसको लागि नयाँ आउने हाम्रो पार्टीका उपाध्यक्ष कमरेडलाई स्वागत गर्न चाहन्छु र उहाँको कार्यकाल पूर्ण सफलताको कामना गर्दछु । सम्माननीय अध्यक्षज्यू हामी करिब एक वर्ष अगाडि निर्वाचित भएर यस सदनमा आएर सपथ खाइसकेपछि हामीलाई दुई दिने प्रशिक्षणको व्यवस्था गरिएको थियो । त्यो दुई दिने प्रशिक्षणको व्यवस्था गर्दाखेरि हामीलाई एउटा मुख्य विषयमा

संविधान सभाका अध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङ्गले हामीलाई प्रशिक्षण दिनुभएको थियो । म त्यो समय सम्झिराखेको छु । उहाँले नेपालको संविधान निर्माणको बखतमा कस्तो-कस्तो छलफलहरू भए, के-के विषयमा छलफलहरू भए, पहिलो संविधान सभाले संविधान दिन नसकेका अवस्थाहरू र संविधानमा हामीले आज व्यवस्था गरेका अवस्थाहरूको बारेमा हामीलाई detail मा प्रशिक्षण दिनुभएको थियो र त्यो प्रशिक्षणले हामीलाई संविधान अध्ययन गर्न, संविधानलाई बुझ्न र हाम्रो जिम्मेवारीलाई वहन गर्न हामीले त्यहाँबाट सिकेका थियौं भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, हामी नेपालका सार्वभौम नागरिक हौं भनेर हामीले यहीं संविधान लेखिसकेपछि हामीले हामीलाई सार्वभौम नेपाली ठानेका हौं । ७० वर्षको संविधान सभाबाट नेपाली जनतालाई संविधान दिनुपर्छ भनेर गरेको आन्दोलनले पूर्णता पाएको थियो । हामी यति खुसी भएका थियौं, देशैभरि दिपावली मनाएका थियौं । आज यहीं संविधानमाथि कु भएको छ । यहीं संविधानको अपहरण भएको छ । यहीं संविधानलाई च्यातिएको छ । नेपाली जनताको रगत पसिनामाथि खेलवाड गरिएको छ सम्माननीय अध्यक्ष महोदय । यो संविधान साना दुःखले आएको होइन । हामीले दुई-दुई पटक संविधान सभाको निर्वाचन गर्‍यौं । संविधान सभाको निर्वाचन हामीले एक सय, डेढ सय, दुई सय जनाको होइन ६ सय १ जनालाई सहभागी गराउने भनेर सबै क्षेत्र, वर्ग, लिङ्गलाई सहभागी गराएर लेखेको संविधान हो । आज यो देशमा हामीसँग ६० वर्षको अनुभव थियो। संविधान एउटा छ त्यहाँ प्रधानमन्त्रीले चाहिँ सदन विघटन गर्ने विषय राखिएको थियो । त्यसलाई हेरेर पटक-पटक मध्यावधिमा जाने व्यवस्था त्यो नेपालको लागि एउटा दुर्भाग्य भयो भन्ने हिसाबले यसलाई अब त्यो ढङ्गले सदन अवरुद्ध गर्न नमिल्ने किसिमले त्यहाँ व्यवस्था हुनुपर्छ भनेर सबैभन्दा लामो छलफल भएको भनेर संविधान सभाका अध्यक्ष सुवास नेम्वाङ्गले हामीलाई जानकारी दिनुभएको हो । संविधानमा त्यो कुरा उल्लेख छ र त्यहाँ व्यवस्थाहरू छन् र अन्त्यमा गइसकेपछि मैले यो देशलाई नेतृत्व गर्न सक्छु म प्रधानमन्त्री हुन सक्छु भनेर कुनै माननीयले आफूलाई प्रस्ताव राख्न पनि सक्नेसम्मको व्यवस्था नेपालको संविधानले गरेको छ । र त्यहाँबाट उहाँले आफूलाई सो गरेर बहुमत प्राप्त गर्न नसकेमा प्रधानमन्त्रीले सिफारिस गरेर राष्ट्रपतिले सदन विघटन गर्न सक्ने व्यवस्थालाई आज ६४ प्रतिशतको म प्रधानमन्त्री हो, मैले भनेपछि हुन्छ भनेर जुन प्रधानमन्त्रीले भनिराख्नु भएको छ र गरिराख्नु भएको छ यो कुरा संवैधानिक छैन असंवैधानिक छ र त्यहाँ विघटन हुन सक्छ भन्ने दुई वटा अक्षर

प्रधानमन्त्रीले पढ्नु भएको छ । के व्यवस्था छ त्यो पढ्नु पर्दैन ? अघि माननीयज्यूले भनिसक्नु भयो म विधान संविधान पढ्न दिन्छु भनेर भनिसक्नु भएको छ । उहाँले विघटन भन्ने शब्दलाई हेरेर सदन विघटन गर्नुभएको छ । यो जनतामाथिको अन्याय हो र हाम्रो पार्टीबाट हाम्रो पार्टीले ६४ प्रतिशत जुन मत प्राप्त गरेको थियो र नेपाली जनतासँग हामीले देशलाई समृद्ध बनाउँछौं, सुखी बनाउँछौं । समृद्ध बनाउँछौं र अब हामी विकासको बाटोमा जाने हो भनेर मत मागेका थियौं । मत दिने नेपाली जनतासँग म पार्टीको तर्फबाट माफी माग्न चाहन्छु । हामीले तपाईंहरूसँग जे अनुरोध गऱ्यौं ती हिसाबले हामीले संविधानअनुरूप काम गर्न सकेनौं । कति गल्तीहरू कमजोरीहरू गर्‍यौं हामीले बुझ्नपर्छ ।

सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू यो सदनले, यो राष्ट्रिय सभालले पूर्णता पाउन किन एक वर्ष लाग्यो ? हाम्रो पार्टीले धेरै पहिले नै कमरेड वामदेव गौतमलाई प्रस्ताव गरिसकेको थियो त्यहाँ सङ्ख्याको खेल नापजोख गर्दागर्दै कहिले लाने वामदेव गौतमलाई सदनमा भनेर यहाँसम्म आउनु पऱ्यो । यो काम कसले गरिराखेको छ ? नेपालको प्रधानमन्त्रीले गरिराख्नु भएको छ । नेपालमा किन विकास हुँदैन, किन अवरुद्धहरू भइराखेका छन् हामीले हेर्नुपर्छ । मैले नै हो यो सदनमा विधेयक ल्याएर यो चाहिँ कोभिड-१९ को विषयमा व्यापक ढङ्गले एउटा कानून बनाएर जाँऊ । नेपाली जनतालाई त्यसले सम्बोधन गऱ्यौं, गरेनौं कसलाई राहत दिनुपर्छ कुन कोण र क्षेत्रबाट चाहिँ नेपाली जनताको जाँच गरिनुपर्छ ? क्वारेन्टाइन कस्तो बनाइनुपर्छ ? आइसोलेसनहरू कहाँ बनाउनुपर्छ कसरी चाहिँ स्वास्थ्यलाई ध्यान दिनुपर्छ भनेर हामी सबैले भन्यौं यहाँका एकमत छ प्रतिपक्षले यसमा अवरोध गरेको छैन । तर सम्माननीय प्रधानमन्त्रीले आफूलाई हेर्ने आफूलाई नाप्ने हामीले काम गरेका छौं भन्ने व्याख्या गर्ने र नेपाली जनताहरू फेण्ट हुन थालेपछि अब चाहिँ अस्वस्थ भएँ भनेर भनिसकेपछि अस्पताल जानुहोला त्योभन्दा अगाडि नजानुहोला भनेर घरमा बस्न अनुरोध गर्ने । यहीं सदन हो बेसार पानीले कोरोना सन्चो हुन्छ भन्ने आज सरकारले इन्जेक्सन लिनको लागि, औषधि लिनको लागि हामीसँग अध्यादेश ल्याएको छ । हामी त्यसलाई पास गर्छौं, मान्छौं । अध्यादेश ल्याउनुपर्छ आवश्यक ठाउँमा तर असंवैधानिक ढङ्गले अध्यादेशहरू ल्याएर नयाँ भर्तीहरू गरेर अगाडि लैजान जुन प्रधानमन्त्रीले खोजिराख्नु भएको छ । यही कारणले पार्टीले विरोध गरेको हो । यही कारणले चाहिँ पार्टीले असहयोग गरेको हो । केही सरसल्लाह नगर्ने एक जना मनोगढन्ते ढङ्गले चाहिँ प्रधानमन्त्री जुन ढङ्गले जान खोज्नुभयो

त्यसको विषयमा पार्टीले विरोध गरेको हो । यसलाई विकाससँग लैजाने जनताको स्वास्थ्यसँग लैजाने, जनताको गरिबीसँग लैजाने जनताको रोजगारीसँग लैजाने । कुन विधेयक छ हामीले यो सदनबाट फेल गराएको भन्नुहोस् माननीय सदस्यज्यूहरू । जहिले पनि हामी प्रधानमन्त्रीलाई सहयोग गऱ्यौं, जहिले पनि समर्थनमा बोल्यौं, जहिले पनि सहयोगका हात उठायौं, जहिले पनि साथ दियौं । तर न उहाँ आफ्नो पार्टीको बैठकमा जानुभयो । बालुवाटारमा बैठक डाकेको हामीलाई थाहा छैन उहाँले बालुवाटारमा बैठक डाकेर सोफाबाट नझर्ने, पलङबाट नझर्ने ? पलङबाट सोफामा बसेको भए त meeting हुन्थ्यो होला नि ? हामीलाई थाहा छैन । यसरी देशलाई गुमराहमा पार्ने ? नेपाली जनतालाई गुमराहमा पार्न सकिँदैन । सदनबाट अहिले चाहिँ मुद्दा अदालतमा छ अदालतले न्याय दिनुपर्छ । पुनर्स्थापना हुनुपर्छ भन्ने मेरो विषय राख्दै म मेरो भनाइलाई यहीँ अन्त्य गर्न चाहन्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ । समय १० मिनेट । यसपछि माननीय राम नारायण विडारी ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)ः-** सम्माननीय अध्यक्षज्यू, संघीय संसदको सातौं अधिवेशन प्रारम्भ भएको छ । यो आज दोस्रो बैठक हो । मैले आज पहिलो पटक बोल्दै छु । म यसअवसरमा हाम्रा सहिदहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु र हाम्रा लिडर अग्रजहरूप्रति पनि हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । र सबै माननीयज्यूहरूलाई सबैलाई हार्दिक स्वागत पनि गर्न चाहन्छु । अब यो हामी संघीय संसद दुई वटा पाङ्ग्रा छ संघीय संसदको । हामीकहाँ अहिले एउटा पाङ्ग्रा फुस्केको अवस्था छ । पञ्चर भयो । त्यो पाङ्ग्रा अहिले गुड्न सक्ने स्थितिमा छैन र हामी अहिले एउटा पाङ्ग्रामा कुदिरहेका छौं । हामी एउटा अत्यन्तै नाजुक अवस्थामा एकदम सङ्कटग्रस्त अवस्थामा हामी अगाडि बढिरहेको स्थितिहरू छ । अब एउटा पाङ्ग्राबाट कुदै-कुदै जाँदाखेरि कहाँसम्म पुगिन्छ थाहा छैन । सम्भवतः हामी अगामी बैठकहरूमा फेरि भेट हुन सक्छ सक्दैन यो कहिले बन्द हुन्छ, अपर्झट बन्द पनि हुन सक्छ । यो अनिश्चितताका बीच हामीहरू चाहिँ अगाडि बढिरहेको स्थितिहरू चाहिँ छ । र यो सबै कुराहरू एकाएक आएको पनि होइन । सरकारको एउटा पहिला गठबन्धन थियो

नेकपाको, कम्युनिष्टहरूको गठबन्धन, त्यसबेलादेखि आएर यो संसद विघटन हुँदै गर्दासम्मको सबै एउटा चित्रहरूलाई हामीले flashback को रूपमा सरसर्ति हेर्‍यौं भने यो एउटा-एउटा घटनाहरू हुँदै-हुँदै यहाँसम्म आएर टुङ्गिएको छ र यो एउटा प्रधानमन्त्रीले आजको आजै अहिलेको अहिले अपर्झट गरेको स्थिति पनि यो छैन । र अब यो हामीले पछि पनि यसलाई व्याख्या गरौंला अहिले खालि flashback मात्रै । गठबन्धन केका लागि भएको थियो ? त्यो कुरा हामीले एकदम गम्भीर रूपमा सोच्नुपर्नेछ । गठबन्धन राम्रो कामको लागि भयो कि नराम्रो कामको लागि भयो ? संवैधानिक संविधानलाई कार्यान्वयन गर्नको लागि भयो कि संविधानलाई कुल्चन च्यात्न मास्नको लागि भएको थियो ? त्यसपछि सरकारले यो तीन वर्षमा यो बहुमतको झण्डै-झण्डै दुई तिहाइ नजिकको यो सरकारले तीन वर्षमा के-के गर्‍यो त्यो पनि हामिले हेर्‍यौं ।

यहाँको भ्रष्टाचारको स्थितिलाई हामीले हेर्न सक्छौं, यहाँको सुशासनको अवस्थालाई हामीले हेर्न सक्छौं । संसदमा आएका दर्जनौं विधेयकहरू छन् जुन विवाद भए संविधानका प्रतिकुल थिए, नियन्त्रणमुखी थिएँ, कब्जामुखी थिएँ, सबै शक्ति आफूमा केन्द्रीकृत गर्ने खालका थिएँ । यी सबै कुराहरूलाई हामीले हेर्दै-हेर्दै आयौं भने हामी यहाँसम्म आइपुग्दाखेरि थुप्रै शृङ्खलाहरू छन् । राष्ट्रियताको विषयमा हामीले हेर्‍यौं भने नक्सा हामीले हाम्रो मुलुक हाम्रो सीमानाको लागि हामी सबैले पास गर्‍या हो । केपी ओली एक जनाको लागि हामीले पास गरेको थिएन । हाम्रो मुलुक, हाम्रो चाहिँ सीमाना, हाम्रो कालापानी, हाम्रो लिम्पियाधुरा, हाम्रो सुस्ता सबैको लागि एउटा सेण्टिमेण्ट थियो त्यो । एक जनालाई कसैको यो राष्ट्रवाद भन्ने कुरा त्यहाँ छदैछैन र एउटा ४/५ कक्षा पढ्ने बच्चाले पनि नक्सा बनाउँछ । अहिले घर गएर बाबु बनाइँदेउ, नानी नक्सा बनाउँ भन्यो भने अहिलेको अहिले बनाइँदिन्छन् । हामी खोजेको चित्र हो कि जमिन हो ? खै कहाँ छ जमिन ? हामीलाई एउटा कागजमा चित्र बनाएर बाँडेर हुन्छ ? हामीले समर्थन दिइसकेपछि नगरपालिकाले एउटा नक्सा पास गर्दिएपछि घर धनीले घर बनाउनु पर्‍यो । संसदले त नक्सा पास गर्दिएको छ त । अनि घर बनाउनु पर्दैन ? त्यो कति महिनामा बनाउने हो, कति दिनमा बनाउने हो, कति वर्षमा बनाउने हो त्यो चित्र हामीलाई त्यो चित्र बाँडेर हामीलाई काम छैन । हामीलाई जमिन चाहिँयो । हामीलाई आफ्नो देशको मायाँ कसलाई कति लाग्छ नेपालीलाई भन्ने कुरा प्रधानमन्त्रीजीले अर्थात् कसैले हामीलाई सिकाउनु पर्दैन । हामीले आफ्नो मातृभूमिलाई कति माया गर्छौं भन्ने कुरो त्यो कसैले पनि व्याख्या गर्न सक्दैन । र यो बीचमा थुप्रै शृङ्खलाहरूका बीचमा प्रतिनिधि सभा

विघटन भयो । एउटा जनप्रतिनिधिहरूको लोकतान्त्रिक अभ्यास गर्ने थलो उच्च थलो, प्रतिनिधि सभा । यो संविधान २०७२ सालको संविधानअनुसार गठन भएको थियो भन्ने कुरो प्रधानमन्त्रीले बिर्सनु भयो । म आफू पनि सच्चा यो ०७२ सालको संविधानअनुसार नै प्रधानमन्त्री भएको हो भन्ने पनि उहाँले बिर्सनु भयो । उहाँलाई त्यो २०४७ सालकै संविधान कसले लगेर पुऱ्यायो त्यहाँ, कसले व्याख्या गऱ्यो ? २०४७ सालको संविधान पढ्न लगाउने को-को हो उहाँहरूलाई ? उहाँ जहिले पनि गैरराजनीतिक व्यक्तिहरूबाट मात्र चल्ने ? संसद, मुलुक, तीन तहको संरचना छ, तीन तहको संघीयता छ । लोकतान्त्रिक अभ्यासहरू हामीले गऱ्या छौं । त्यो ७० वर्षदेखिको संविधान त्यो एउटा संविधान चाहिँ हामीले अहिले बनायौं भनेपछि त्यो संविधान पढ्नु पर्छ कि पर्दैन ? संविधान लेख्ने बेलामा को-कोले लेख्नु भयो फेरि पढ्ने बेलामा उहाँले पनि पढ्नु पर्दैन । प्रधानमन्त्री भएपछि पढ्नु पर्दैन ? जनप्रतिनिधि भएपछि पढ्नु पर्दैन ? यो देशको उच्च पदस्थ ठाउँमा पुगेपछि संविधान त दर्जनौं पटक पढ्न पर्छ होला नि ? कि लेखेर मात्रै हुने हो, सिरानी हालेर मात्रै हुने हो ? हुँदाहुँदा अहिले चाहिँ यो संविधानलाई चलाएर त्यो घोटेर पिएजस्तो पनि देखियो यहाँ । त्यो भएर ०४७ सालकै संविधान थियो भनेदेखि किन यत्रो दुःख गरेको त, किन यत्रो जनताहरूलाई दुःख दिएको ? किन यत्रा जनताहरू सहिद हुनपऱ्यो ? किन हामी सब जनताहरू मर्नुपऱ्यो ? त्यही भएर त ०४७ सालको संविधानको मोहलाई त्यागेर ०४७ सालको संविधान त्यसलाई फालेर अब ०७२ सालकै संविधान पुनः एकचोटि फेरि पढेर संविधानको त्यो धारा ७६ र ८५ मा व्याख्या गरिएको छ । ७६ र ८५ मा के-के छ भन्ने कुराहरू सबै पढ्नु पऱ्यो । ७६ मा (१) देखि (१०) सम्मको १० वटा उपधाराहरू छन् । अनि खालि उपधारा (२) उपधारा (७) मात्रै पढेर हुन्छ ? (३), (४), (५), (६) मा के-के छ भन्ने पढ्नु पर्छ कि पर्दैन ? त्यो कुरा प्रधानमन्त्रीले फेरि एकचोटी पढिबक्सियोस् । एकचोटी पढ्न अनुरोध गर्न चाहन्छु र त्यहाँका ती सबै कुराहरूलाई एकचोटि राम्ररी हेर्नको लागि पनि मैले अनुरोध गर्न चाहन्छु ।

यो एउटा सत्तारुढ दलहरूको औंसी पूर्णिमामा हुन्छ नि ङ्यार्ङुर्र । त्यो एउटा ङ्यार्ङुर्रले गर्दाखेरि संसद विघटनसम्म यहाँसम्म आइपुगेको हो । उहाँहरूको आफ्नो आन्तरिक ङ्यार्ङुर्र थियो यो चाहिँ । अनि जहिले पनि भन्दाखेरि म लोकतन्त्रवादी हुँ, म लोकतन्त्रको लागि जेल बसेको हो भन्ने तर गर्ने बेलामा फेरि अलोकतान्त्रिक कामहरू गर्ने । हुँदाहुँदै लोकतान्त्रिक गणतन्त्र नेपाल भन्ने शब्द हाम्रो सरकारले संविधानमा

भेटेन । नलेखु है भनेर परिपत्र पनि गरेको थियो त्यसमा । प्रधानमन्त्रीलाई बालुवाटार गएर हामीले देखाउनु पर्ने हो कि अथवा संसदमा आएको बेलामा हामीले देखाउनु पर्ने हो कि त्यो कहाँ छ कति ठाउँमा लेखेको छ भन्ने कुरो हामीले उहाँलाई पनि देखाउन पर्ने भयो । अघि एक जना माननीयज्यूले संविधान बुझाउनु भएको छ त्यो दोहोर्‍याएर हेर्न पनि मैले उहाँलाई अनुरोध गर्न चाहन्छु । अनि संसदलाई सधैं घाँडो हुने, लोकतान्त्रिक सरकारलाई लोकतान्त्रिक विधि अनुशासन अनुसार बनेको सरकारलाई संसद जहिले घाँडो हुने ? यो किन भइरहेको छ ? संसद किन अपर्झट बन्द हुन्छ ? अनि संसद खोल्ने बेलामा किन संसद भङ्ग हुन्छ ? लोकतान्त्रिक चरित्रहरू यही हो ? शासकहरू चाहिँ जब लोकतन्त्रबाट आएपनि लोकतान्त्रिक विधिबाट आए पनि तिनीहरूको एउटा दम्भ हुन्छ, घमण्ड हुन्छ । अनि संविधानले दुःख पाउँछ । मुलुकले दुःख पाउँछ । जनताहरूले हार्नु पर्ने स्थिति आजको स्थितिमा हामी आउनुपर्ने स्थितिहरू पनि शासकहरूले गर्दाखेरि त्यो हुने हो । एउटा लहडका भरमा, एउटा उदण्डताका भरमा चाहिँ मुलुक चल्न सक्दैन । संविधान र व्यवस्थाको चाहिँ, यो लोकतान्त्रिक व्यवस्थाको एउटा चीरहरण भएको छ, संविधान च्यातिएको छ अनि एक जना व्यक्ति आफू हावी हुनको लागि व्यवस्था नै कमजोर पार्ने एउटा प्रवृतिहरू चाहिँ उन्मुख भएको छ । यो एकदम अलोकतान्त्रिक छ । संविधानमा धेरै कुरा राखेर अघि पनि भन्यौं ती सबै कुराहरू हिजो भर्खरै संविधान सभाका अध्यक्षज्यूको एउटा भिडियो भाइरल भएको छ । त्यो भिडियो मात्रै पनि कम्तीमा एक चोटी सुन्नुपर्‍यो नि उहाँले । संविधान बनाउँदाखेरि मैले संविधान बनाए, हामीले लोकतान्त्रिक संविधान बनायौं भन्ने बेलामा । भन्ने बेलामा हामीले मौलिक संविधान बनायौं, हाम्रो संविधान मौलिक छ भन्ने अनि गर्ने बेलामा चाहिँ हामी चाहिँ अरू छिमेकी मुलुक अरु अन्तर्राष्ट्रिय अभ्यासका आधारमा संसद भङ्ग गर्न पाइन्छ ? कहाँ लेखेको छ संविधानमा अन्तर्राष्ट्रिय अभ्यासका आधारमा संसद भङ्ग गर्न सकिन्छ भनेर ? दुई तिहाइ थियो त अन्तर्राष्ट्रिय अभ्यासका आधारमा संसद भङ्ग गरिनेछ भन्ने शब्द राखेको भए पनि भइहाल्थ्यो नि । आफूलाई के-के गर्न मन लागेको छ त्यही त्यही कुरा संविधानमा लेखेर संविधान संशोधन गरेर अनि मन लागेको कुरा गरेको भए त हामी हुन्छ भन्थ्यौं अथवा हुन्न भन्थ्यौं ।

यत्रा हामी सांसदहरूको कहाँ छ भूमिका ? जनताको समृद्धिको लागि, जनताको सुखको लागि, सुखी नेपालीलाई कहाँ छ ? सांसदहरू खालि हुन्छ भन्ने र हुन्न भन्नेभन्दा अरु काम के गर्न पाए तीन वर्षमा सांसदहरूले ? कि हुन्छ भन्ने कि हुन्न भन्ने ।

सरकारले जे पठायो त्यही गुटुटु पास गऱ्या होइन यहाँबाट । अनि जनतालाई सम्मान गरेको हो त्यो ? त्यही भएर यसलाई जनप्रतिनिधिहरूलाई एउटा भूमिकाविहीन बनाउने कुरा अनि आफैं एक्लै कुद्ने कुरा संविधान बनाउने बेला सबै पार्टीको सहायतामा, सहयोगमा, सहमतिमा सबै जना एकै ठाउँमा उभिएर हामीले ९० percent भन्दा बढीको सहमतिमा संविधान टुङ्गायौं भन्ने । अनि त्यही संविधान कार्यान्वयन गर्नको लागि एक्लै कुदेर हुन्छ । फुटबलमा कहिँल्यै कोही एक्लै खेलेको देखेका छौं हामीले । फुटबल खेल्नको लागि एउटा गोल गर्नको लागि त १२/१२ मानिस चाहिन्छ भने यो त एउटा संविधानको कार्यान्वयन थियो । मौलिक हकको कार्यान्वयन थियो । जनताको जीवनयापनसँग सम्बन्धित कुराहरू थियो । यी कुराहरू कार्यान्वयन गर्नको लागि चाहिँ एक्लै कुदेर कहाँ पुगिन्छ ? त्यही संविधान बनाउन यत्रो शक्ति चाहिने अनि कार्यान्वयन गर्न यो शक्ति सँगसँगै चाहिने थिएन ? हामी सत्तापक्ष, प्रतिपक्ष दुवै जना बसे पनि सकरात्मक कुराहरूलाई हामीले positive कुराहरूलाई हामीले सहयोग समर्थन गरेकै थियौं नि त । त्यो कुरा सरकारले भुल्यो, बिर्सियो । प्रधानमन्त्रीजी एक्लै कुद्नु भयो । त्यसकारणले यो आजको यो स्थितिसम्म आइपुगेको छ । म हजुरहरूलाई पछाडि यी सबै शृङ्खलाबद्ध रूपमा आएका कुराहरू पछि म बिस्तारै-बिस्तारै संसद चल्यो भने आगामी बैठकहरूमा क्रमशः तपाईंहरूलाई स्पष्ट पार्दै जाने कुराहरूको चाहिँ मैले यहाँ तपाईंहरूलाई commitment पनि गर्न चाहन्छु । र यो एउटा असंवैधानिक, अलोकतान्त्रिक दुस्प्रयास सरकारले संसद विघटन गरेर गरेको छ । यो एकदम अहिले यो अहिलेको प्रधानमन्त्रीले धारा ७६ को (२) बमोजिम बनेको सरकारले त्यहाँ चाहिँ बहुमतको सरकार हो यो एउटै पार्टीको पनि थिएन त्यतिबेला नत्र (१) अनुसार नै बन्थ्यो । दुई वटा पार्टी मिलेर बनेको सरकार हो यो । यो सरकारलाई संसद भङ्ग गर्ने विघटन गर्ने ठाउँ काहीं छैन । संविधानमा त्यो व्यवस्था छँदैछैन । संसदमा सरकार बन्नै सकेन भने संसदले प्रधानमन्त्री दिनै सकेन भने त्यो स्थितिमा त्यसका (२), (३), (४), (५), (६) सम्मका सबै कामहरू प्रक्रिया पूरा गरिसकेपछाडि मात्रै त्यो ६ नम्बर अन्तिममा त्यो चौथो category बाट मन्त्री बन्ने व्यक्तिले मात्र संसद विघटन गर्ने कुराहरूको कल्पना अलिकति गरिएको छ । नत्र भने यो अस्थिरताको लागि यो सबै यो चाहिँ विदेशी चलखेलदेखि अखडाको लागि यो चाहिँ केन्द्रबिन्दुमा आउनको लागि संसद यो त्यसको लागि बनाएको थिएन । अहिले विदेशी चहलखेलहरू दुईतिरबाट ओहिरो पहिरो आएको आई छ । त्यो कसले बोलाएको हो, किन बोलाएको हो त्यसको जवाफ कसले दिनुपर्छ, परराष्ट्र मन्त्रालय छ कि छैन त्यसको जिम्मेवारी के हो र हामी सर्वोच्च

अदालतमा यसको विषय विचारधीन छ हामी सबैलाई अपिल गर्छौं अनुरोध गर्छौं । हामी धम्काउन्नौं, हामी थर्काउन्नौं, हामी प्रभावित पार्दैनौं, जनतालाई बचाउनु पर्‍यो । संविधान बचाउन पर्‍यो देश बचाउन पर्‍यो, मुलुक बचाउन पर्‍यो । अन्तर्राष्ट्रिय शक्ति केन्द्र हुनबाट यसलाई बचाउन पर्‍यो त्यो कुराको हामी सबैसित न्यायमुर्तिहरूसित हामी अपिल गर्न चाहन्छौं । र यति भन्दै आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय राम नारायण विडारी । समय १० मिनेट । यसपछि माननीय राम लखन चमार ।

**<u>माननीय श्री राम नारायण विडारी (मनोनीत)</u>:-** अध्यक्ष महोदय, संविधान मस्यौदा गर्दा मस्यौदा समितिले कार्यदल बनाएको हो १५ जनाको । त्यो १५ जनाको कार्यदलमा म पनि एक सदस्य थिएँ । विज्ञ टिम बनाएको थियो तत्कालीन माननीय कृष्ण सिटौलाको अध्यक्षतामा त्यो ५ जनाको टिममा पनि म थिएँ । केपी शर्मा ओली अहिलेको प्रधानमन्त्री बारम्बार त्यहाँ हुनुहुन्थ्यो । सुवास नेम्वाङ्ग त्यो बेलामा अहिले हाम्रो दलको नेता सुवास नेम्वाङ्ग संविधान सभाको अध्यक्ष हुनुहुन्थ्यो । त्यहाँ भएका कुराको टेप रेकर्डलाई यो सदनमा बजाइयोस् । अनि हामी कति नालायक काम गरेछौं भन्ने कुरा त्यहाँबाट स्पष्ट हुन्छ । त्यसैले लामो समय लगाएर धारा ७६ र धारा १०० लाई हामीले देश र विदेशका समेत विज्ञहरूसँग परामर्श गरेर के गर्‍यो भने प्रतिनिधि सभा प्रधानमन्त्रीको सनकमा भङ्ग हुन सक्दैन भन्ने कुरा निर्क्यौल गर्नको निम्ति जानेसम्मको भाषा त्यहाँ लेखिएको छ । अहिले धारा ७६ धेरै व्याख्या हुने क्रम चलिरहेको छ । धारा १०० मा विश्वास र अविश्वासको मतका कुरा छ अध्यक्ष महोदय । नेपाल आमाको चित्कार छ अध्यक्ष महोदय अहिले, ध्वाँ-ध्वाँ रोइराखेको अवस्था छ । गुहार-गुहार मलाई आपत् पर्‍यो संविधान नास भयो भनेर कराइ रहेको छ ।

अध्यक्ष महोदय, किसानको बिचल्ली भएको छ, मजदुरको ज्ञान, सीप बेकार भएको छ । धन, मान, मोज खोसाखोस ठगठाग गर्नेहरू, सरकार र यसका मतियारहरू तल्लीन भएर बसेका छन् । कहिले पार्टी फुट्ला र मन्त्री टिकुला, कहिले पार्टी फुट्ला

र फेरि मन्त्री पाउँला भन्ने दाउ खोजेर बसेका छुट्टुहरू बेइज्जत गर्दै छन् । नेपाल र नेपालीको संविधानलाई अध्यक्ष महोदय, गरिब र गाउँलेलाई धक्कु लाउँदै गाउँ-गाउँ सरकारी मोटर चढ्दै जनताको आम्दानी घटाउँदै, जीडीपी घटाउँदै, राष्ट्रिय गौरवको योजनाहरूलाई अलपत्र पार्दै, विकासका बजेट निष्कृय बन्दै, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नैतिकता नभएको, सदाचार नभएको, त्यसमा विचलन भएको, व्यापक राजश्व चुहावट भएको, निर्वाचन अत्यन्तै महङ्गी भएको, नक्कली उपभोक्ताको चलखेल बढ्यो भनेर प्रतिवेदन दिन्छ अध्यक्ष महोदय । मेरो कुरा हो र यो, यो त अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कुरा । जग्गा दर्ता गर्दा घुस खाने, ठेक्का, पट्टामा सरकार मिल्ने, कृषि अनुदानमा काला सम्पतिलाई शुद्धीकरण गर्ने, हरेक क्षेत्रमा दलालै दलालको बर्चस्व भयो । गुहार-गुहार व्यापक भयो भ्रष्टाचार, संस्थागत भयो अपराध । सरकारले राजश्वको गऱ्यो दुरूपयोग । मोज नै मोजको खातमा सुत्यो, देशको सीमाना रक्षामा सक्रिय भएन । Transparency international ले पनि भन्यो यस्तै । नेपालमा भ्रष्टाचार बोलबाला भएको देशमा सूचीकृत भयो । संसारको एक नम्बरी भ्रष्टाचारीहरू नेपालमा छन् पनि भन्यो । शासन चल्नेहरूको प्रतिस्पर्धा भ्रष्टाचारी शासन चल्नेको प्रतिस्पर्धा गऱ्यो । MCC लाई अध्ययन गरौं न भन्दा नगर्नी-नगर्नी भन्यो । संसारका महङ्गा गाडी चढ्ने, राम्रा-राम्रा घरमा बस्ने, मीठो-मीठो खाने, स्वादिष्ट खाना गुहियाउँने, राम्रा पोसाक फटाउने, मनलाग्दी राज्यको ढुकुटी खर्च गर्ने अनि हाम्रो देश विश्वकै गरिब राष्ट्र बनाउने । यस्तो काम भयो यी कुरा नेकपाभित्र पनि व्यापक चल्यो । नेकपाभित्र यो कुरा चर्चा पनि व्यापक भयो । दलको कुरा निर्णयमा पुग्ने सुरसार पनि भयो । अनि हुँदाखाँदाको प्रशस्त बहुमत भएको प्रतिनिधि सभालाई, व्यवस्थाको विरुद्धमा, जनताको विरुद्धमा, बहुदलीय प्रतिस्पर्धा प्रणालीको विरुद्धमा, आफ्नै पार्टीको विरुद्धमा, आफैँले सही गरेको संविधानको विरुद्धमा जुङ्गा मुसार्दै आफ्नै सहयोगिलाई देखिस् त सांसद कसरी भङ्ग हुँदो रहेछ भनेर लोप्पा खुवाउँदै, शेखी झार्दै विघटनको घोषणा गरियो अध्यक्ष महोदय । त्यसैले आमा गुहार-गुहार भन्दै छिन् । चित्कार गर्दै छिन् । राष्ट्रियता, संघीयताको, एकताको प्रतिक गणतन्त्रको प्रतिक राष्ट्रपतिलाई समेत संसारको अगाडि लज्जित तुलाउने कार्य गर्न खोजियो । यो कस्तो दुष्कार्य हो ? अध्यक्ष महोदय म दलको बैठकमा आउँदिन, म दलको निर्णय मान्दिन, म संविधानमा भएको कुरा पनि नभएको कुरा पनि गर्न सक्छु । ५ वर्षे अवधिलाई अढाइ-अढाइ वर्षमा चुनाव गराइदिन सक्छु । म त कम हो र भन्दै राज्यका सबै संवैधानिक अङ्गका पदाधिकारीलाई विवादग्रस्त बनाउँदै काम कसले गऱ्यो अध्यक्ष महोदय ? कसले

गऱ्यो ? कसले जवाफ दिने ? नेकपा गरिब हुनु नेपाल गरिब हुनु निर्बलीयो हुनु, अविकसित हुनु, आपसमा सधैं चाहिँ किचङ्गलो हुनुको दोषी को हो ? जनमतको कदर नगर्नु, शासकको मनपरीतन्त्रले हो ।

संसद विघटनको बारेमा २०४७ सालको संविधानलाई हेरेर गर्ने ? बहुमतको प्रधानमन्त्रीले त २०४७ सालको संविधानले गर्न सक्थ्यो । बेलायतको सन् २०११ अगाडिको परम्परागत चाहिँ नै त्यो traditional बेलायतको कुरालाई हेरेर गर्ने ? अहिले बेलायतमा त्यस्तो छैन । त्यहाँ २०११ मा Fixed-term Parliament Act आइसक्यो । अब त्यहाँ गर्न पाईँदैन । यस्तो लहडि र मुर्ख्याईँको विघटन बेलायतले गर्दैन । अर्को प्रधानमन्त्री १४ दिनमा दिन सकेन भने संसदमा अत्याधिक बहुमतले संसद विघटन गर्नुपऱ्यो भनेर भन्यो भने गर्छ । बेलायतको १८ औं शताब्दीको प्रचलन नेपालमा अहिले ल्याएर गर्ने ? हामीले संसदको निरन्तरताको सिद्धान्त अङ्गालेका छौं । The legislative connect principle लाई हामीले अङ्गालेका छौं । विश्वका संसदीय प्रणाली भएका देशलाई एकचोटि छवास्स हेरौं त अध्यक्ष महोदय, लक्जेम्वर्गमा आएर क्यानेडामा विशेषाधिकारले मात्रै विघटन गर्न सकिन्छ भनेर संविधानमा लेख्यो तर १०० वर्ष भयो त्यहाँ विघटन भएको छैन । डेनमार्क र अष्ट्रेलियामा प्रधानमन्त्रीको परामर्शले गर्छ । फ्रान्समा त सभामुखको परामर्शमा हुन्छ अध्यक्ष महोदय । पोर्चुगल र नेदरल्याण्डमा संसदीय दलको नेताहरूको परामर्शमा हुन्छ । जापान र बेल्जियममा संसदबाट पारित गरेपछि मात्रै विघटन हुन सक्छ । स्लोभाकिमा जनमत सङ्ग्रबाट मात्रै हुन्छ । नेपालमा छुट्टै व्यवस्था छ । यो छुट्टै व्यवस्था mandatory obligation हो । अथवा स्वविवेकीय होइन, सनक होइन, मुर्ख्याईँ होइन । धारा ७६ (१), (२), (३), (४), (५) पनि प्रधानमन्त्रीले विश्वासको मत लिन सकेन भने बल्ल चाहिँ त्यतापट्टि जान्छ । ब्रिटेनमा परम्परागत पनि स्वार्थ थियो अविश्वासको प्रस्ताव दर्ता भएमा संसद विघटन हुँदैन । अविस्वास पारित भएमा संसद विघटन हुँदैन । विपक्षीले सरकार गठन गर्छु भन्यो भने हुँदैन । अर्को प्रधानमन्त्री बन्न तयार भयो भने विघटन हुँदैन । विघटन राष्ट्रिय हितका विरुद्धमा विघटन गर्न पाइन्नँ । यो परम्परागत त्यो ब्रिटेनको १८ औं शताब्दीको कुरा हो । प्रधानमन्त्रीले दावी के भन्नुहुन्छ, पार्टीले काम गर्न दिएन अध्यक्ष असफल भयो । पार्टीले काम गर्न दिएन भने पार्टीको अध्यक्ष असफल रहिछन् भनेर जान्नु पऱ्यो संसदले अविश्वास ल्याउने तयारी गऱ्यो मलाई डर लाग्यो म त तर्से अनि भङ्ग गरें भन्यो भने प्रधानमन्त्री असफल भयो त अध्यक्ष महोदय । यता अध्यक्ष असफल

हुने उता प्रधानमन्त्री असफल हुने । अविश्वास ल्याउने त संसदको अधिकार हो । धारा १०० किन ल्याएको, किन लेखेको त्यसकारणले संसद त प्रधानमन्त्रीलाई सहयोग गऱ्यो । तीन वर्षसम्म बजेट पारित गरिदियो, कार्यनीति पारित गरिदियो, विधेयक पारित गरिदियो विवाद पार्टीमा भयो प्रहार संसदलाई गर्ने ? देशमा जनतालाई गर्ने ? विवाद पार्टीमा भयो । जनता र व्यवस्थाविरुद्धमा नगर्ने ? संविधानलाई शक्तिहीन बनाउन खोज्ने ? अनि अर्को कुरा आउँछ ताजा जनादेश । के भन्या यो ? ताजा जनादेश प्रधानमन्त्रीको हुकुमबाट हुने कि संविधानबाट हुने ? संविधानमा ५/५ वर्षमा चुनाव गर्ने भनेको छ । त्यो ५ वर्षलाई अढाइ वर्षमा झार्ने हुकुमी शासन कहाँबाट प्राप्त भयो ? संवैधानिक सर्वोच्चताको सिद्धान्त हामीले अङ्गालेका छौं अध्यक्ष महोदय । यो देशमा सबैभन्दा ठूलो को हो ? संविधान । राष्ट्रपति हो ? होइन । प्रधानमन्त्री हो ? होइन । यो देशको सर्वोच्चता भनेको संवैधानिक सर्वोच्चता हो । अब सबै अङ्गहरू अनास्था हुँदै छन् । ताजा जनादेशपछि आउने प्रधानमन्त्रीले ३ महिनामा संसद विघटन गर्ने भयो । त्यसकारण अब हुने भयो । 'के मरी भन्ने के हो काल पल्क्यो भन्ने पो डर हुन्छ' भन्ने उखान छ नि हो भनेजस्तै अब तीन महिना पछाडि कुनै युगमा चुनाव भयो । वैशाखमा एक हुन्न, दुई हुन्न, तीन हुन्न प्रधानमन्त्रीले फटाहा बोलेको हो भन्ने सावित हुन्छ । त्यसो भएको हुनाले मेरो आग्रह छ प्रधानमन्त्रीले जुन प्रकारले विघटन गर्नुभयो । म प्रधानमन्त्रीको व्यक्तिगत विरोधी होइन । केपी शर्माको विरोधी होइन तर उहाँको कामको घोर विरोधी हुँ । यस्तो अपराध कार्यको घोर विरोधी हुँ । संविधानको ध्वज्जी उडाउने कार्यको विरोधी हुँ । यहीं कुरा मैले यहाँ समक्ष राखेर बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय राम लखन चमार । समय ८ मिनेट । यसपछि माननीय अनिता देवकोटा ।

**माननीय श्री राम लखन चमार (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्ष महोदय, मैले उखु किसानको बारेमा आज पुनः कुरा उठाउन गइरहेको छु । अस्ति भर्खरै सर्लाहीका किसान नारायण यादव, भरतजीको आन्दोलनका क्रममा मृत्यु भएको छ । उहाँको चीर शान्तिका लागि म श्रद्धाञ्जली व्यक्त गर्दछु, शोकाकुल

परिवारप्रति समवेदना प्रकट गर्दछु । र यो उखु किसानको विषय अहिले तत्कालै जन्मिएको विषय होइन । यो उखु किसानको विषय हाम्रो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सँगसँगै त्यतिखेरको तत्कालीन सरकारले लुम्बिनी चिनी मील र वीरगञ्ज चिनी मीललाई जुन निजीकरण गऱ्यो, त्यसपछि यो उब्जिएको समस्या र मैले सदनमा धेरै पटक उठाएँ । किसानको समस्या समाधान गर्नको लागि एउटा मात्र बिकल्प छ । त्यो विकल्प भनेको के हो भने यो दुईटै सम्झौताहरू गलत तरिकाले भएका छन् र भएका सम्झौताहरू पनि पालन भएनन् । त्यसकारणले यो सम्झौता बदर गरेर किसानको हातमा यो उद्योगहरूलाई दिनु पर्दछ र उद्योगीहरूले समयमा भुक्तानी नदिने, समयमा मीलहरू सञ्चालन नगर्ने, किसानले दुःख पाउँदैआएको यो नियति नै बनिरह्यो । तर पछिल्लो क्रममा सरकारले भुक्तानीको निम्ति जुन एउटा कठोर कदम नै भन्नु पर्दछ, उद्योगीहरूलाई कारबाही गर्ने, खाता रोक्का गर्ने, सम्पत्ति रक्का गर्ने, थुनछेक गर्ने जुन एउटा निर्णय गऱ्यो, यो वास्तवमा सह्राहनीय काम हो । म सरकारलाई धन्यवाद दिन चाहन्छु । र पछिल्लो क्रममा भुक्तानी दिने काम पनि अगाडि बढ्यो । तर त्यो हुँदाहुँदै अहिले पनि नवलपरासीमा लुम्बिनी चिनी मीलको ८ करोडभन्दा बढी किसानको पैसा बाँकी छ । उसले भुक्तानी गरेको छैन । १ करोड ५० लाख रुपैयाँ अहिले ऊ आफ्नो खातामा जम्मा गरेको छ । त्यस्तै इन्द्रा सुगर मीलले विगतको ५ करोड २५ लाखभन्दा बढी भुक्तानी दिनु पर्ने त्यसले पनि आफ्नो खातामा १ करोड ५० लाख पैसा अहिले जम्मा गरेको छ । तर किसानको भुक्तानी गरेको छैन । अझै यिनलाई हदैसम्मको कारबाहीको लागि सरकारले पहल गरोस्, किसानको यो अपेक्षा छ ।

सम्माननीय अध्यक्ष महोदय, नवलपरासीमा किसानहरू सम्मिलित अहिले उखु उत्पादक किसानहरूको सहकारी निर्माण भएको छ र उहाँहरूको माग के छ भने लुम्बिनी चिनी मीललाई सरकारले तत्काल सम्झौता खारेज गरेर ५१ प्रतिशतभन्दा बढी किसानको शेयर राखेर बाँकी सरकारले पनि त्यसमा आफ्नो जिम्मेवारी, रेखदेख र नियन्त्रणको लागि रहने गरी यो व्यवस्थालाई अगाडि बढाइयोस् । हामी किसानहरू सान्दार तरिकाले मील सञ्चालन गर्न सक्छौं । उखु विकासतिर पनि हामी लाग्न सक्छौं र बारबार हामी सरकारसँग, उद्योगीहरूसँग हाम्रो भुक्तानी भएन समयमा मील सञ्चालन भएन, हाम्रो उखु खरिद भएन भन्ने कुरा हामी भन्दैनौं । हामी आफैं सक्षम हुन सक्छौं, हामी गर्न सक्छौं । यो चाहिँ नवलपरासीको किसानहरूको सन्देश रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, म यो विषयलाई चाहिँ यहाँ किसानको सन्देशको रूपमा सुनाउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, एउटा बडा आश्चर्यको विषय यिनै उद्योगीहरूले विभिन्न बैङ्कहरूमा आफ्नो शेयर लगानी गरेका छन् । त्यही किसानलाई ऋण दिन्छन् । समयमा किसानको किस्ता गएन भने यिनी जरिबाना लगाउछन् । तर किसानले उखु बिक्री गर्छ । उखु मील चिनी बिक्री गरिसकेको हुन्छ, आफ्नो पैसा बैङ्कमा लगेर राखेको हुन्छ, विभिन्न उद्योगमा लगानी गरेको हुन्छ । उसले कहिल्यै पनि क्षतिपूर्तिको कुरा गर्दैन । अझ उसको भुक्तानी त दिइराखेकै छैन । त्यसकारणले मैले अहिलेको यो बेलामा सरकारसँग मेरो अनुरोध छ, यो अवसर पनि हो, सरकारले अब यस्ता उद्योगीहरूलाई समयमा उखुको भुक्तानी गरेनन् भने जरिबानाको व्यवस्था पनि गरियोस् । यसले नेपाली जनता, किसान सबै खुशी हुने नै छन् ।

सम्माननीय अध्यक्ष महोदय, अहिले नवलपरासीको लुम्बिनी चिनी मील सञ्चालनमा छैन । इन्द्रा सुगर मील सञ्चालनमा छैन । यतातिर पनि सरकारको ध्यान जाओस् र यिनीहरूलाई हदैसम्मको कारबाहीको प्रक्रिया पनि अगाडि बढाइयोस् । नवलपरासीमा एउटा बागमती खरसारी मील छ । जेनतेन किसानको इज्जत त्यसले धानेको हुन्छ । उसले समयमा मील सञ्चालन गर्ने, थोरै-धेरै भए पनि भुक्तानी दिने गरेको उसको भुक्तानी दिनु पर्ने बाँकी छैन । त्यसकारणले म त्यो मील सञ्चालकलाई धन्यवाद पनि दिन्छु कि यत्रो देशभरिमा अरु मीलहरूले भुक्तानी दिन सकेका छैनन् तर उसले मील पनि सञ्चालन गरेको छ र विगतका सबै रकम भुक्तानी पनि गरेको छ । त्यसकारणले हामी सबै उद्योगी एउटै खालका छन् भन्न मिल्दैन । राम्रा काम गर्नेलाई धन्यवाद पनि दिनु पर्दछ । त्यसकारणले मैले पुनः यो जोड दिन चाहन्छु, जुन सम्झौता भएको छ, त्यो सम्झौताअनुसारको सम्बन्धित उद्योगीहरूले पालन गरेको छैनन् । त्यकारणले हामीसँग प्रशस्त आधार छ । त्यो सम्झौता खारेज गरियोस् र खारेज गरेर नेपाल सरकारले आफ्नो मातहत लिएर फेरि पनि किसानलाई त्यो सहकारीमार्फत अगाडि बढाइयोस् । सम्माननीय अध्यक्ष महोदय, योभन्दा किसानको लागि सुखद कुरा अरू केही पनि हुन सक्दैन । र म यिनै अनुरोध सँगसँगै अर्को विषय पनि यहाँ जोड्न चाहन्छु ।

अहिले तराई-मधेशमा सबैभन्दा जटिल विषय नागरिताको विषय बनेको छ । हिजो जन्मको आधारमा (मलाई १ मिनेट समय थपिदिनुहुन्छ कि सम्मानीय अध्यक्ष

महोदय) हिजो जो नागरिकता बनेको छ, जन्मको आधारमा तिनका छोराछोरी, भाइ अझै नागरिकताविहीन छन् र नागरिकताविहीन भएको कारणले राज्यको सबै स्रोत, साधनबाट बञ्चित छन् र प्रतिनिध सभामा सुनेअनुसार विगतमा नागरिकता विधेयक पेश थियो तर त्यहाँबाट यहाँसम्म आइपुगेन । त्यसकारणले अब यसको लागि विकल्प के होला तत्काल चाहिँ यो जन्मका आधारमा जति समस्या छ, नागरिकताको लागि यो समस्या तत्काल समाधान होस् । यसको लागि पनि नेपाल सरकारले पहल गरोस् । यही भन्दै मैले आफ्ना भनाइहरू अन्त्य गर्छु । हवस् त धन्यवाद । लाल सलाम ।

**पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय १० मिनेट । यसपपछि माननीय शेर बहादुर कुँवर ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, हामी राष्ट्रिय सभाको सातौं अधिवेशनमा उभिएका छौं । बिहानीले दिनको सङ्केत गर्छ रे । अहिले राष्ट्रिय सभाको सातौं अधिवेशनमा उभिदै गर्दा संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रिय सभा दुईटा सदनात्मक व्यवस्था छ । दुई वटा सदनात्मक व्यवस्थामा प्रतिनिधि सभा अहिले विघटनको अवस्था छ । राष्ट्रिय सभा छ । यो अवस्थामा एउटा अङ्गलाई विघटन गरेर जुन प्रकारको असंवैधानिक कदमको रूपमा प्रयोग गरियो, यसको म घोर भर्त्सना गर्न चाहन्छु । प्रतिनिध सभा विघटन असंवैधानिक हो, अलोकतान्त्रिक हो, प्रतिगामी हो । यो संविधानले दिँदै नदिएको विघटन गर्ने अधिकार प्रधानमन्त्रीले सनकका आधारमा, लहडका आधारमा प्रतिनिधि सभा विघटन गर्नु हुँदैन भन्ने मलाई लागेको छ । आफू सत्तामा रहँदा, आफूले जनमत गुमाइरहँदा ५ वर्षको जनमत प्राप्त गरेको सरकारले ५ वर्षसम्म सुखी र समृद्ध नेपालको परिकल्पना गरेर हामी ५ वर्षसम्म सरकार चलाउँछौं भनेर जनादेश लिएको सरकारले बीच बाटोमै संसदको विघटन गर्छ । संविधानले दिँदै नदिएको कुराहरू, संविधानलाई धुजाधुजा गराउने काम गर्छ । जसले सत्ताको आफ्नो यात्रा टुङ्गिदै गर्दा सदनको घाँटी रेट्न पछाडि नपर्ने प्रधानमन्त्रीले बैशाखको १७ र २७ मा कसरी निर्वाचन गर्छ, सम्माननीय अध्यक्षज्यू ? यो अत्यन्त दुखद् पक्ष हो, सम्माननीय अध्यक्षज्यू । म संविधान सभाको पनि सदस्य हो । मलाई थाहा छ, संविधान सभामा

विगतको संविधानहरूले संसदमा प्रधानमन्त्रीलाई विघटन गर्ने अधिकारहरू पनि थियो । तर यसले राजनीतिक अस्थिरताहरू निम्त्याउँछ । मुलुक राजनीतिक स्थिरता सधैंभरि ६/६ महिनामा निर्वाचन हुने, सदनको जोडघटाउ अङ्क गणितीय हिसाबमा मात्रै अगाडि बढ्ने कारणले अब मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रसँगै नेपाली जनताले ठूलो त्याग, समर्पण, बलिदान र संघर्षबाट प्राप्त गरेको संविधान निर्माण गर्दैगर्दा हामीले अब यो संविधानले सनकका आधारमा र लहडका आधारमा संसद विघटन गर्ने प्रावधानहरूलाई हटाउनुपर्छ भनेर बडो गम्भीरताका साथ बडो छलफलका साथ संविधानमा व्यवस्था गरेका थियौं । अहिले सम्माननीय प्रधानमन्त्रीज्यूले आफूलाई दुई तिहाइको प्रधानमन्त्री भन्ने, ६४ प्रतिशतको जनादेश मसँग छ भन्ने प्रधानमन्त्रीले पार्टीभित्र अन्तरद्वन्द्वका कारण पार्टीभित्र आफ्नो बैमनश्यताका कारण आज मुलुकलाई अनिर्णयको बन्दी बनाउनु भएको छ । यसको म घोर भर्त्सना गर्न चाहन्छु ।

हिजो हामिले भन्ने गर्थ्यौं सदनमा । सदन प्रतिपक्षको हो, सत्तासँग सरकार रहन्छ । त्यसैले हामीले सरकारले गरेका भ्रष्टाचारका कुराहरू कोभिड-१९ ले मुलुक आक्रान्त भइरहेको बेला चाहे ओमनी, चाहे सेनासँगको जी टु जी सम्झौता होस्, चाहे खरिपाटीका कोभिडको रोकथाम र उपचारमा भएका भ्रष्टाचार हुन्, चाहे ललिता निवासका प्रकरणका कुरा हुन्, चाहे ३३ किलो सुनका कुराहरू हुन्, सरकार भ्रष्टाचारमा लिप्त छ भनेर हामीले सदनमा उठाउँदै गर्दा सत्ता पक्षमा बसेका साथीहरूले माननीयज्यूहरूले त्यो सुन्न सक्नुहुन्न थियो । उहाँहरूले बारम्बार प्रतिवाद गर्नुहुन्थ्यो । आज के अवस्था आयो ? त्यही सत्ताको बेञ्चमा बसेका माननीयज्यूहरूले आज सरकार अधिनायकवादतर्फ उन्मुख छ, आज सरकार तानाशाही छ भनेर आज भन्दै हुनुहुन्छ । हामीले समयमै भनेका थियौं, कम्युनिष्ट सरकार आएको छ, सत्ता कम्युनिष्ट होइन, त्यसैले अधिनायकवाद र तानाशाहीको मोह छोड्नुस्, जनताको जनसरोकारका विषयहरू, जनजीविकाका विषयहरूलाई प्राथमिकता दिएर अगाडि बढौं किनभने संविधान निर्माण गरेका छौं । संविधान सँगसँगै संविधानमा रहेका मौलिक हक अन्तर्गतका थुप्रै कानूनहरू निर्माण गर्ने बेला छ । आज को सरकारमा छ, आज को सरकारमा छैन, यो गौण कुरा हो । हामीले बनाउने कानूनहरू विधिपूर्वक, पद्दतिपूर्वक व्यक्ति शासनको होइन, विधिको हुनु पर्दछ भन्ने मान्यताका आधारमा हामीले कानून निर्माण गर्नु पर्दछ भनेर हामीले भन्यौं । तर सरकारले ल्याउने कानूनहरू, सरकारले ल्याउने विधेयकहरू चाहे मिडिया काउन्सिलका कुरा गर्नुस्, चाहे विशेष सेवा विधेयकका कुरा गर्नुस् हरेक सूचना प्रविधि

विधेयकका कुरा गर्नुस्, एकपछि अर्को विधेयकहरू कसरी नागरिकका अधिकारहरू हनन् गर्न सकिन्छ ? कसरी प्रेस स्वतन्त्रतालाई अङ्कुश लाउन सकिन्छ भनेर सरकार उद्धत रह्यो । त्यसैमा सत्तासीन पार्टीका माननीयज्यू नेकपाहरू, पूरै नेकपाहरू हामी त जेटका दुई पाइलटहरू । दुई पाइलटहरूले सुखी र समृद्धको यात्रा यो जेट पार लगाउँछ भनेर यहाँहरूले ठूलो कसरत गर्नुभयो । रहेछ, यहाँहरूको जुन नेकपाको जसरी एउटा चमत्कारी रूपमा नेकपा निर्माण भयो । आज त्यही चमत्कारी रूपमा आफूलाई आफ्नो स्वार्थ पूर्ति हुन नसकेर  आज नेकपा दुर्घटनाको शिकार हुनपुगेको छ । यसले एउटा दुखद् पक्ष जनताले जुन जनादेश दिएका छन्, जनताले जुन म्याण्डेड दिएका छन्, ५ वर्ष चलाउने त्यो चलाउन नसकेर संसदसँग फेस गर्न नसकेर अविश्वासको प्रस्ताव संसदसँग फेस गर्न नसकेर अनि संसद विघटन गर्ने अनि अलोकतान्त्रिक तरिकाबाट संसद विघटन गर्दा संविधानका मर्म र भावनाहरूलाई निरुत्साहित गर्ने जुन पद्दतिको निर्माण भयो, यो अत्यन्त दुखद् पक्ष हो, सम्माननीय अध्यक्षज्यू ।

अहिले मुलुक कोभिड-१९ ले आक्रान्त छ, अर्थतन्त्र थिलोथिलो छ । अझ पनि एक छाक मिठो खाने, न्यानो लुगा लगाउन जनताहरू नपाइरहेको अवस्था छ । उखु किसानहरू आफूले परिश्रम गरेको पैसा माइती घरमा प्रदर्शन गरेर आफ्नो ज्यान गुमाउनु पर्ने अवस्थामा सरकार त्यतातर्फ ध्यान दिन सक्दैन । सरकार कोभिड-१९ को रोकथाम, नियन्त्रणतर्फ सरकारले ध्यान दिन सक्दैन । सरकार चर्को राष्ट्रवादको कुरा गरेर हिजो जनादेश प्राप्त सरकार आज आफूभित्रको, नेकपाभित्रको अन्तरद्वन्द्वलाई दुई मुलुकबाट कहिले त बर्को ओढेर आउने बालुवाटारभित्र, शितल निवासभित्र, कहिले बुट बजारेर दक्षिणतर्फबाट आउने । त्यो प्रक्रियाले के राष्ट्रवाद बलियो हुन्छ, सम्माननीय अध्यक्षज्यू ? हामी कहाँ जाँदैछौं ? म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई सोध्न चाहन्छु । हिजो ठूलो उग्र राष्ट्रवादको कुरा गर्ने सरकार आज उसको राष्ट्रवाद कहाँ छ ? हामीले हिजो नक्सा पास गर्दैगर्दा राष्ट्रिय स्वाधीनताका लागि, राष्ट्रिय एकताको लागि प्रतिपक्षले एक मतका साथ सगर्वका साथ नक्सा पासमा हामी संलग्न भयौं । आज त्यो भूमि फिर्ता ल्याउने काममा सरकार लाग्दैन । सरकार आफ्नँ कुर्सी, सिंहदरबारको कुर्सी बचाउन मात्र सरकार लाग्छ, सम्माननीय अध्यक्षज्यू । हिजो विभिन्न बाहानामा चाहे त्यो सम्झना वि.क. होस्, चाहे निर्मला पन्त होस्, महिलाहरू, किशोरीहरू बलात्कारपछि हत्या हुने घटनाहरू भए । उनीहरूले अझसम्म न्याय पाउन सकेका छैनन् । सुशासनको कुरा एकादेशको कथा भइसकेको छ । सरकार, नरहे बाँस, नबजे बाँसुरी भनेर संविधान नै

मास्न उद्धत रहेको अवस्था छ । त्यसैले यसबाट मुलुक एउटा कालो सुरुङ्गभित्र प्रवेश गरेको छ, सम्माननीय अध्यक्षज्यू । हामीले निर्माण गरेका कतिपय विधेयकहरू प्रतिनिधि सभा विघटन हुँदैगर्दा लामो छलफल माध्यमबाट निर्माण गरेका विधेयकहरू अब फेरि काम नलाग्ने अवस्थामा पुग्न सक्ने अवस्थामा रहन्छन् । .......(समय सकिएको हुँदा माइक काटिएको)

**सम्माननीय अध्यक्ष**ः- माननीय शेर बहादुर कुँवर । समय ८ मिनेट । यसपछि माननीय बिमला राई पौड्याल ।

**माननीय श्री शेर बहादुर कुँवर (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी अलिअलि अप्ठ्यारो गरी, अलि असजिलो गरी बोल्ने अवस्थामा छौं । हामी कहाँ एउटा गीतमा गीत भन्ने प्रचलन छ । अध्यक्ष महोदय, भनिन्छ, "लेकै लाग्यो काठे कुहिरो, लेकै बानिदो छ, घाम लाग्याको दिन अध्याँरो किन मानिदो छ ?"  यो त्यत्तिकै गीतको भाव आएको होइन, अध्यक्ष महोदय । जब अप्ठ्यारो परिस्थितिको सिर्जना हुन्छ, त्यतिबेला यी भावनाबाट गीतहरू बग्ने गर्छन् । र त्यसैको अभिव्यक्ति यो गीतले गरेको छ । हामी यो सम्मानित सदनका सदस्य पनि हौं । तर सँगसँगै म एउटा नेपाल कम्युनिष्ट पार्टीको कार्यकर्ता पनि हुँ । आज सदनमा जुन ढङ्गले हामीले एउटै दल छ, दुई भाका हामीले बोलिरहेका छौं । यसले कट्टक्क मन खाइरहेको छ । यद्यपि आफ्ना भावनाहरू व्यक्त गर्न पनि परिरहेको छ । आजको विषयवस्तु यो सदनमा कोरोनाको कहर हनु पर्थ्यो । लाखौं जनताहरू कोरोनाको कहरबाट आक्रान्त भए । दैनिक सयौं मान्छेहरू पीडित भइरहेका छन्, प्रभावित भइहरेका छन् र झण्डै-झण्डै २ हजारको सङ्ख्याले कोरोनाबाट मृत्युवरण गरिरहेका छन् । यो हाम्रो कहाली लाग्दो अवस्था हो । आजको विषयवस्तु यो हुनुपर्थ्यो । वर्षाको बेला बाढी र पहिरोले हजारौं जनताहरू विस्थापित भएका छन्, हजारौं जनता त्यो बाढी र पहिरोको शिकार भएका छन् । आज पुसको कठ्याङ्ग्रिदो जाडोमा पनि हजारौं जनताहरू खुला आकासमुनी बस्नु पर्ने बाध्यता भइरहेको छ । यो अहिलेको विषयवस्तु हुनु पर्दथ्यो । उखु किसानको कथाबेथा अघि हामीले सुनिसक्यौं । उखु, आफ्नो वस्तुको मुल्य नपाएर आन्दोलन गरिँदा मृत्युवरण गरिरहेका छन् । नेपाली किसानको अवस्था त्यो छ । त्यो अवस्थामा हामी अर्को विषयवस्तुमा छलफल गरिरहेका छौं, अध्यक्ष

महोदय । त्यसैले हामी अत्यन्त अप्ठ्यारो स्थितिमा पुगेका छौँ । र भनिन्छ, हामीले नखाऊँ त दुधको दुनो, खाऊँ त गलो पोल्ने नभनौं भने भन्नै पर्ने, भनौं भने आफ्नै फिजति हुने । त्यो अवस्थामा हामी कार्यकर्ता पुगिरहेका छौँ । अघि नै हाम्रो पार्टीको अध्यक्ष माननीय वामदेव गौतमले अभिव्यक्त गर्नुभयो । म खुशी छैन । जब नेतै खुशी हुनुहुन्न, हामी कार्यकर्ता कसरी खुशी हुन्छौं । अध्यक्ष महोदय, त्यसैले राजनीतिक पार्टीभित्र अनेक खालका वाद/विवाद हुन्छन् । हामीले पढेको पाठ त्यही हो । अनेक अन्तरसंघर्ष हुन्छन् । व्यवस्थापकीय अनेक खालका समस्याहरू आउँछन् । ती सम्याहरूलाई आन्तरिक समस्याको समाधानको थलो पार्टी बनाइनु पर्दछ । आन्तरिक समस्याहरूलाई आन्तरिक ढङ्गले हल गरिनु पर्दछ । तर त्यसको रिसको आक्रोश पोख्ने थलो संसद बनाइनु हुँदैन, प्रतिनिधि सभा बनाइनु हुँदैन । जुन पुस ५ गते प्रतिनिधि सभा विघटन भएको छ, त्यसले हामी कम्युनिष्टहरूमाथि हेर्ने दृष्टिकोणमा जनताहरूमा परिवर्तन आएको छ । हामी त सधै फिल्ड वर्कर, हामी सबै सांसदरू यहाँ फिल्डबाट आएका हौं । कोही नआउनु भएको होला । त्यो बेग्लै कुरा हो । तर हामी जतिबेला तोते बोली बोल्न सक्यौं, कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको लागि हामी जनताको बिचमा गएर हुर्केका कार्यकर्ता हौं । आज हामी जनताका बीचमा गएका छौं । सँगै बसेका साथीहरू, कमरेडली भावना बोकेका साथीहरू एकआपसमा कटाक्ष छ्यापिरहेका छन् । एकआपसमा अनेक खालका लाञ्छनाहरू बोलिरहेका छन् । एकले अर्कालाई खुइल्याउने, एकले अर्काको विरुद्धमा बोल्ने प्रवृत्तिको विकास भइरहेको छ । यो हाम्रो लागि अत्यन्त लज्जास्पद स्थिति हो । यो अवस्थाको सिर्जना कसरी भयो ?

पुस ५ गते संसद विघटन भयो, प्रतिनिधि सभा । तर त्यो प्रतिनिधि सभा विघटन हुँदाखेरि हामी ल मेकर त हौं तर हामी कानून विज्ञ होइनौं । हामी कानून निर्माता भएको नाताले हामीले यसो संविधान पल्टायौं र म पनि कुनैबेला संविधान सभाको सदस्य थिएँ र संविधानमा नेपालमा रहेको अस्थिरता, नेपाललाई विदेशीहरूले बनाउने क्रिडास्थलबाट मुक्ति कसरी पाउने भनेर नै संविधानको धारा ७६ मा राखिएका (१) देखि (१०) सम्मका जो उपधारा छन्, ती धाराको मलाई लाग्छ परिकल्पना गरिएको हो । संविधान बनाउँदाखेरि जो संविधानविद्हरू त्यसमा सहभागी हुनुहुन्थ्यो, उहाँहरूले आज व्याख्या गरिरहनुभएको छ । यही सदनमा हुनुहुन्छ उहाँहरू । त्यो हामीले किन गर्यौं ? त्यसैले पार्टीमा अन्तरद्वन्द्व चुलियो, त्यो अन्तरद्वन्द्वलाई हल गर्ने ठाउँहरू प्रशस्त थिए । मलाई लाग्छ, पार्टीले कसैलाई बाइएस गरेको थिएन । सम्माननीय

प्रधानमन्त्रीज्यूलाई पार्टीले बाइस गरेको थिएन । पार्टीका बैठकहरूमा बोलाएको थियो, पार्टीका बैठकहरूमा छलफलको लागि आग्रह गरिएको थियो । त्यो छलफलबाट एउटा निचोड निकालौं भनिएको थियो । र हामी कम्युनिष्ट पार्टीका नेताहरू कमा र पूर्णविरामका लागि झगडा गर्ने गर्छौं । त्यो जे विषयवस्तु आयो, मलाई लाग्छ, त्यो धेरै ठूलो विषयवस्तु थिएन । त्यो विषयवस्तुलाई हामीले त्यहीभित्रबाट हल गर्न सक्थ्यौं । पार्टीको आन्तरिक जीवन, त्यतिमात्र होइन संविधानको धारा ७६ को उपधारा (१) देखि (१०) सम्म स्टेपबाइ स्टेप छ । हामी लिफ्ट चढ्छौं, अध्यक्ष महोदय, हामी सिँढी चढ्छौं एकपछि अर्को गरी चढ्ने होला नि । लिफ्टबाट सऱर जाँदाखेरि पनि पहिला फस्ट फ्लोर, सेकेण्ड फ्लोर, थर्ड फ्लोर आउँछ । भनेपछि सिँढी चढ्दाखेरि पनि त्यही होला । संविधानका प्रावधानहरूलाई लागू गर्दा पनि । धारा ७६ को व्याख्या गर्दाखेरि पनि धारा ७६ को प्रयोग गर्दाखेरि पनि (१), (२), (३), (४),... गरेर नै १० सम्म जाने होला, अध्यक्ष महोदय । त्यो भएन । यसले गर्दाखेरि एकखालको सङ्कट आएको छ । पार्टी औपचारिकमा विभाजन नभए पनि विभाजनउन्मुख भएको छ । कुन चाहिँ एउटा सच्चा कार्यकर्तालाई दुःख लाग्दैन ? जसले खालि स्वार्थको राजनीति गरेको हुन्छ, जसले खालि आफ्नो दुनो सोझ्याउनको लागि खालि नेतृत्वलाई घेर्ने, नेतृत्वलाई गलत दिशातिर डोऱ्याउने त्यस्ता व्यक्तिहरूले मात्र खुशी भएका होलान् । नभए सच्चा कार्यकर्ता कोही पनि खुशी भएका छैनन्, अध्यक्ष महोदय । त्यसैले संसारका प्रजातान्त्रिक मुलुकहरूमा सदनबाट नै हरेक विकल्पहरू खोजिन्छ । बेलायतको इतिहासमा हामीले २/४ वर्ष पहिले हेऱ्यौं । युरोपियन युनियनबाट छुट्टिने अवस्था र त्यसलाई हेर्ने दृष्टिकोणमा फरक आयो । त्यहाँ नेतृत्व संसदबाट परिवर्तन भएका छन् । पटक-पटक परिवर्तन भएका छन् । हामीले त्यो अभ्यास हेर्ने कि नहेर्ने ? म भए ठीक, अरु भए बेठीक भन्ने ढङ्गले हामीले हेरिनु हुँदैन, अध्यक्ष महोदय । र सँगसँगै हामीले एउटा व्यक्तिको अहङ्कार, एउटा व्यक्तिको दम्भबाट देश चल्नु हुँदैन । आज अमेरिकी सिनेटमा के घटना घट्यो ? अमेरिकी सिनेटमा राष्ट्रपतिलाई प्रमाणीकरण गर्न जाँदाखेरि पराजित भएका ट्रम्पले आफ्नो दम्भ र अहङ्कार प्रयोग गरेर आफ्ना समर्थकहरूलाई त्यहाँ छिराएर बिहान एउटा महिलाको हत्या भयो, आज ४ जनाको हत्या भइसकेको छ । यसले संसारका प्रजातन्त्रवादीहरूलाई एकदम लज्जास्पद एउटा सन्देश दिएको छ, अध्यक्ष महोदय । त्यसैले हामी यो कहाँ जाँदैछौं ? हामी त्यो दिशातिर त जाँदैछौं या कतातिर जाँदैछौं भन्ने कुरा हामीले मनन् गर्नु पर्दछ ।

आज नेपालको संविधानको खिल्लि उडेको छ । नेपालको संविधान बनाउनेहरूको खिल्लि उडेको छ । बनाउनेहरूलाई बडा प्रश्न चिह्न खडा गरिदिएको छ । तपाईंहरूले त व्याख्या यस्तो गर्नुहुन्थ्यो, तपाईंहरूले त यस्तो भन्नुहुन्थ्यो । हस् त ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय बिमला राई पौड्याल । समय ८ मिनेट ।

**<u>माननीय डा. बिमला राई पौड्याल (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आज हाम्रो राष्ट्रिय सभामा प्रायजसो यही संसद विघटनकै विषयमा धेरै छलफल भयो । म त्यो संविधानको कुन धारा, के धारा भनेर बोल्न पनि चाहन्नँ र यो विषय अदालतमा गएको हुँदाखेरि यहाँ धेरै बोल्नु हुँदैनजस्तो लाग्छ । हुन त मभन्दा जान्ने विज्ञहरू, यहाँ कानून विज्ञहरू हुनुहुन्छ । उहाँहरूले नै Answer गर्नु पर्ने होला । मलाई चाहिँ एउटा कुरा यसैसँग सम्बन्धित कुरा उठाउन मन लागेको छ। म बच्चा हुँदा म सम्झिन्छु, आजभन्दा करिब २५/३० वर्ष अगाडिको मात्रै होला । हामीले छोरीलाई, नातिनीलाई, दिदी बहिनीलाई टीका लगाइदिँदा आशिर्वाद दिँदा बाबाहरूले, दाजुहरूले, हजुरबुवाहरूले राम्रो लोग्ने पाएस्, घर राम्रो गरी खाएस् भनेर भन्नुहुन्थ्यो । अनि त्यत्ति मात्र लाग्थ्यो संसार, त्यही मात्रै रहेछ क्यारे महिलाको जस्तो लाग्थ्यो । करिब १० वर्षदेखि यो न्यारेटिभ चेञ्ज भएको छ । अब बाउले, दाजुले, दिदी बहिनीहरूलाई अथवा छोरीलाई नातिनीलाई आशिर्वाद दिँदा राष्ट्रपति भएस्, सभामुख भएस्, न्यायाधीश भएस्, पत्रकार भएस्, डक्टर भएस्, इञ्जिनियर भएस् यसरी भन्छन् । ठूलो परिवर्तन आएको छ र यो ठूलो परिवर्तन कसरी आएको छ भन्दा थुप्रै महिलाहरूले यो राजनीतिक व्यवस्थाको परिवर्तनको लागि, प्रजातन्त्रको, लोकतन्त्रको परिवर्तनको लागि थुप्रै महिलाहरूले कहिले बाटोमा थाल ठटाएर, कहिले कुटो, कोदालो बोकेर कहिले यहाँ चाहिँ महिलाहरूले भात पकाएर खानुहुने थुप्रै नेताजीहरू हुनुहुन्छ, उहाँहरूलाई जन्माएर, उहाँहरूलाई हुर्काएर, उहाँहरूलाई पढाएर यो ठाउँमा पुऱ्याएर, यो व्यवस्था परिवर्तन गरेर अहिले हामी एउटा एकदमै इन्क्लुसिव समावेशी समाजमा बस्न पाएका छौं । र हामी ३३ प्रतिशत जुन अहिले यहाँ भन्छौं, त्यो पनि त्यही अग्रणी महिलाहरूको देन हो ।

मैले यो सन्दर्भ किन उठाइरहेको छु भन्दा सम्माननीय अध्यक्षज्यू, असाध्यै दुःख लाग्दो घटना घटेको छ । त्यो के हो भने संसद विघटन भएको विरोधमा ३/३ जना

पूर्वप्रधानमन्त्रीहरू बारम्बार सांसद भएका मान्छेहरू, बारम्बार मन्त्री, उपप्रधानमन्त्री भएका नेताज्यूहरूले भाषण गर्ने, उद्घोषण गर्ने ठाउँमा यो देशको सर्वोच्च पदमा पुग्ने राष्ट्रपतिज्यूको यौनिकतामाथि चाहिँ एकदमै धेरै हमला भएको छ । त्यस्तो खालको यस्तो कि त्यहाँ जुन किसिमका नाराहरू लागे राष्ट्रपतिको विरूद्धमा त्यो पुरुष राष्ट्रपति भएको भए, त्यही काम गरेको भए पनि त्यस्तो नारा लाग्दैनथ्यो । जुन नारा महिला राष्ट्रपति भएकै कारणले लाग्यो र सम्पूर्ण नेपाली महिलाहरूको टाउको निहुऱ्याउने काम त्यो भेलाले गऱ्यो । त्यो भेलामा जसले माइक समातेका थिए, उनी कुनै पनि राजनीतिका क्याडर हुन्जस्तो मलाई लाग्दैन । राजनीतिक संस्कार बोक्छ, राजनीति गर्ने मान्छेले । राजनीति दलका नेताहरूले राजनीतिक संस्कार बोक्नु पर्छ। होइन भने उहाँहरूलाई राजनीतिज्ञ भन्न् मिल्दैन । मलाई एकदमै अप्ठ्यारो लागेको छ अहिले । त्यो जसले माइक लिएर ठूल्ठूलो स्वरमा सर्वोच्च पदमा भएको महिला राष्ट्रपतिको यौनिकतामाथि धावा बोलेर जसरी तिम्रो सिन्दुर कहाँ गयो, तिम्रो पोते कहाँ गयो भनेर नारा लगाउने दुष्साहास गऱ्यो, त्यो मान्छेलाई बोकेर ल्याउने नेताहरू खोई ? यदि त्यो राजनीतिक मान्छे हो भनेदेखि त्यो नेताहरूले त्यहाँ भाषण गर्दाखेरि यो कुरामा मलाई लज्जा लाग्यो, मैले गल्ति गरेँ, यो कुराको म माफी माग्छु भनेर सार्वजनिक रूपमा माफी माग्ने कि नमाग्ने ? यदि ठीक गरेको हो भनेर उहाँहरूले सोच्नुहुन्छ भनेदेखि हाम्रो राजनीतिक संस्कार खोई ? मलाई अहिले असाध्यै दुःख लागेको छ, यो देशमा हामीले लोकतन्त्र ल्यायौं, गणतन्त्र ल्यायौं, यो देशमा महिलाहरूले यो सँगसँगै लडेर यति ठूलो उपलब्धि हाँसिल गरेको छ । अहिले आएर महिलाहरू सर्वोच्च ठाउँमा पुग्ने बित्तिकै उनीहरूको यौनिकतामाथि, उनीहरूले गरेको राम्रो काम, नराम्रो कामको खुलेर विरोध गर्न पाइन्छ, खुलेर आफ्नो-आफ्नो दृष्टिकोण हुन्छन्, आफ्नो-आफ्नो दृष्टिकोण अनुसार कसैले राम्रो गर्नुभयो भन्न सक्छ, कसैले नराम्रो गर्नुभयो भन्न सक्छ, संसद छ, संसदमा कुरा होला । त्यसपछि सर्वोच्च अदालतमा र निर्वाचन आयोगमा त कुरै पुगेको छ । त्यहाँबाट छलफल हुन्छ । किन एउटा महिलाको व्यक्तिगत आचरणलाई आक्षेप गरेर व्यक्तिगत रूपमा कसैलाई किन यौन दुर्व्यवहार गरिन्छ ?

अनि मलाई अर्को दुःख लागेको कुरा के हो भने यसैसँग सम्बन्धित सम्माननीय अध्यक्षज्यू, हामीले राजनीतिक संस्कार बिर्सियौं, सामाजिक संस्कार बिर्स्यौं जनु तरिकाले अहिले नेतागणहरू जुन तरिकाले बोलिराख्नु भएको छ, त्यो बोलेको हेर्नको लागि म मेरा छोराछोरीसँग बसेर टिभी हेर्न छोडिसकेँ । थुप्रै आमाहरूले भन्छन् अहिले के संस्कार

दिँदैछौं हामीले हाम्रा बच्चाहरूलाई ? राजनीति भनेको सबैभन्दा ठूलो नीति हो भनेर मैले बारम्बार भन्ने गर्थें । थुप्रै नेताहरूबाट मैले सुनेको त्यहीँ हो तर राजनीतिक नेताहरूले पूर्वप्रधानमन्त्री भइसकेका, उपप्रधानमन्त्री भइसकेका मान्छेहरूले बोलेको भाषण सुन्नुभयो भनेदेखि ए बाबा हाम्रो देशका नेताहरू यस्तो हुँदो रहेछ भो मामु राजनीतिक गर्दैनौं भन्छन् बच्चाहरू । कसलाई हेरेर बस्नु ? कुन चाहिँ नेतालाई हेरेर बस्ने ? यस्तै छाडा बोल्ने नेतालाई हेरेर बस्ने, यो देशमा ? त्यही प्रश्न छ अहिले बालबालिकाहरूमा, त्यही प्रश्न छ युवा जमातमा । हाम्रो देश कहाँ गइरहेको छ ? हिजो संविधान बनाउँदा हामी सबैजना सँगै बसेर बनाएको हो । कार्यान्वयन गर्ने चरणमा पनि सबै जना सँगै हुनुको विकल्पै छैन । किन यस्तो धेरै रिसराग ? किन यस्तो धेरै छाडातन्त्र ? किन यस्तो धेरै जे पायो त्यही बोल्ने महिलाहरूमाथि ? अनि फेरि भोलि सँगै बसेर काम गर्नुपर्दाखेरि किन रातोपिरो हुनु पर्ने ? यो संस्कार हरायो, सम्माननीय अध्यक्षज्यू । यसलाई कसरी हामीले फेरि  ठाउँमा ल्याउने हो ? यो ठूलो चुनौती भएको छ । यसको असर राष्ट्रपतिलाई जसरी गाली गरियो, त्यहाँ । पुलिसले पकडेको छ कि छैन ? हामीले प्रहरीमा निवेदन दिएका छौं । त्यो बोल्ने, नराम्रो नारा लगाउने मान्छेलाई पक्राउ गर्न । त्यो सँगसँगै हामीले त्यो भेला आयोजना गर्ने नेताहरूलाई पनि मुद्दा हाल्छौं भनेका छौं । कि चाहिँ उहाँहरूले गल्ती भयो भनेर सार्वजनिक रूपमा सबै महिलाहरूको अगाडि माफी माग्नु पर्‍यो, हामीले गल्ती गर्‍यौं भनेर होइन भनेदेखि उहाँहरू पनि यो दोषको भागिदार बन्नुपर्छ । ठूल्ठूला नेताहरूको कुरा गरिरहेको छु मैले । त्यतिकै आएको छैन, लोकतन्त्र । महिलाहरूले पनि ल्याएका छन् । प्रत्येक कुरामा महिलाहरूको यौनिकतामाथि गाँसेर यौनहिंसा गर्न पाइदैन भनेर यो आवाज उठाउन जरुरी छ । म आज त्यो उठाइरहेको छु ।

यसको सिलसिला अर्को आयो । अर्को के भयो भन्नुहुन्छ भने पूर्वउपप्रधानमन्त्री भइसकेका एक जना माननीय सदस्यज्यूले अहिले विघटीट संसदको माननीय सदस्यज्यूले के भनिदिनुभयो, महिलाको अङ्ग परेको कारणले प्रधानमन्त्रीको दिमाग खुस्किएको छ । मलाई एउटा मात्रै यस्तो कोही मान्छे देखाइदिनुस् । जसको महिलाको अङ्ग परेको छैन, महिलाको रगत परेको छैन र यहाँ आएको छ । लौ देखाउनुस्, कसले देखाउँछ ? होइन भनेदेखि उहाँको दिमाग के भयो त ? महिलाले जन्माउनु भएको हो, महिलाको गर्भमा बस्नु भएको हो, महिलाले नै पकाएको खाना खाएर अहिले राजनीति गर्दै हुनुहुन्छ उहाँको दिमाग के भाको छ ? त्यसको चाहिँ Answer  चाहिन्छ, हामीलाई । त्यसको

असर महिला पत्रकारमाथि परेको छ, महिला पत्रकारले लेखेको कुरामा कमेन्ट गरेर जे पायो त्यही सेक्स्युल रूपमा एभ्युज गरिएको छ । त्यसैले गर्दा सम्माननीय अध्यक्षज्यू, मेरो अनुरोध छ, नेताज्यूहरूलाई बोल्दाखेरि राजनीतिक संस्कार सम्झेर बोल्नुस् । होइन भने राजनीतिक छोड्दिनुस् । यति भन्छु आज म । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठलाई "मधेशी आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७" सभासमक्ष पेश गर्ने समय उपलब्ध गराउँदछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मधेशी आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७" सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली २०७५ को नियम १४९ को उपनियम (१) बमोजिम माननीय वामदेव गौतमलाई राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गरेको छु ।

माननीय सदस्यहरू प्रस्तावित नामलाई सभाको सहमतिका लागि अनुरोध गर्दछु ।

माननीय सदस्यहरू प्रस्तावित नामलाई सभाको सहमति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल पुस २४ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अब अर्को बैठक २०७७ साल पुस २४ गते शुक्रबार दिउँसो १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो ३:१५ बजे ।**